लेखापरीक्षण प्रतिवेदन

राजपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

राजपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/646

"

श्रीमान् प्रमुखज्यू,

राजपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, रौतहट ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/646

श्रीमान नगरप्रमुखज्यू,

राजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

रौतहट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस राजपुर नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू १ अर्ब ११ करोड १६ लाख ४६ हजारको लेखापरीक्षणबाट रु. ८ करोड ७० लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु ७२ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नु पर्ने रू. ५ करोड ४६ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५४ लाख ७ हजार, सोधभर्ना नलिएको रु ८४ लाख २३ हजार र पेश्की बाँकी रु. १३ लाख ६९ हजार गरी जम्मा रु. ८ करोड ७० लाख ८३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १ अर्ब २ करोड ८८ लाख ६ हजार र यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १ अर्ब ११ करोड ५८ लाख ८९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५८	१९८	८,७०,८२,७२२	०	०	०	०	५८	१९८	८,७०,८२,७२२	७२,४७,१०५	१,५४,०६,९७९	५,४६,३७,१३७	०	८४२२५०१	७,८४,६६,६१७	१३,६९,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रौतहट	१,०२,८८,०६,६००	०	०	१,०२,८८,०६,६००	०	८,७०,८२,७२२	१११५८८९३२२

राजपुर नगरपालिका, रौतहट

(८०२२०५०३३००)

राजपुर नगरपालिका , रौतहट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस राजपुर नगरपालिकामा ९ वडा रहेका छन भने क्षेत्रफल ३१.४१ वर्ग किलोमिटर तथा ५४०८३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१० देखि २०८२।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्यय समेत रु. १ अर्व ११ करोड १६ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फारम नं. २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४,८००,२३०।७२	१	चालु खर्च	२६८,६००,७१७।१३	२६८,६००,७१७।१३
	क. नगद			२	पूँजीगत खर्च	२५९,४५४,३२०।००	२५९,४५४,३२०।००
	ख. बैंक	४,८००,२३०।७२		३	विविध खर्च		५,८२६,४०१।००
२	राजस्व (आन्तरिक आय)				क. युनिसेफ	८०,०००।००	
	क. आन्तरिक राजस्व	४,१२५,६६३।८०	११,१९४,००२।८०		ख. सडक बोर्ड नेपाल	३,४९३,९८२।००	
	ख. स्थानीय राजस्व बाँडफाँट	७,०६८,३३९।००			ग. कार्यक्रम संचालन	२,२५२,४१९।००	
	ग. अन्य आय			४	लगानी		
३	वित्तीय हस्तान्तरण संघ		४९३,६०९,३७१।५१		ऋण लगानी		
	क. वित्तीय समानीकरण अनुदान	१०७,५४२,७२०।००			शेयर लगानी		
	ख. सशर्त अनुदान चालु	१६३,०५२,०००।००			अन्य लगानी		
	ग. समपूरक अनुदान	११,०००,०००।००		५	धरौटी फिर्ता	५,७७८,०००।००	५,७७८,०००।००
	घ. सशर्त अनुदान पुँजीगत	१२०,४००,०००।००		६	जनश्रमदान फिर्ता		
	ङ. राजस्व बाँडफाँट	९१,६१४,६५१।५१		७	कोष फिर्ता ससर्त चालु	२,८६१,४४७।८७	२,८६१,४४७।८७
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२७,८६८,६६८।००		कोष फिर्ता ससर्त पुजीगत	२,३११,४००।००	२,३११,४००।००
	क. वित्तीय समानीकरण अनुदान	८,३२३,०००।००		८	प्रकोप व्य.खर्च	५,१८८,४८३।००	५,१८८,४८३।००
	ख. सशर्त अनुदान पुँजीगत	९,५००,०००।००			गत बर्षको बढी अल्या		
	ग. समपुरक अनुदान	२,०००,०००।००			जनश्रमदान मौज्दात	१,०३०,००८।००	१,०३०,००८।००
	घ. विशेष अनुदान	३,०००,०००।००		९	**खाताको मौज्दात**		१४,३४५,०६१।४०
	ङ. राजस्व बाँडफाँट	५,०४५,६६८।००		१०	धरौटी खाता	११,०१७,९४३।४८	
५	अन्तर स्थानीय तहबाट प्राप्त			११	संचित कोष खाता	३,२१४,३८०।०३	
६	विविध		११,१२७,६२१।८९	१२	आन्तरिक राजस्व	-	
	क. युनिसेफ	८०,०००।००			बाँडफाँट बाट प्राप्त	-	

					राजस्व		
	ख. सडक बोर्ड नेपाल	३,५८३,५७०।००			आन्तरिक अनुदान	-	
	ग. कार्यक्रम संचालन	२,२५२,४२०।००			चालु खर्च खाता	-	
७	प्रकोप व्यवस्थापन	५,२११,६३१।८९			पुजीगत खर्च खाता	-	
८	जनसहभागिता (नगद)	-			विविध खर्च खाता	८९,५८९।००	
९	विषयगत निकायबाट प्राप्त	-			प्रकोप व्य.कोष खाता	२३,१४८।८९	
१०	धरौटी आय	७,९५६,२६९।००	७,९५६,२६९।००				
	धरौटी गत मौज्दात	८,८३९,६७४।४८	८,८३९,६७४।४८				
११	लगानीको साँवा फिर्ता	-					
	जम्मा	५६५,३९५,८३८।४०	५६५,३९५,८३८।४०		जम्मा	५६५,३९५,८३८।४०	५६५,३९५,८३८।४०

यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

विवरण	म.ले.प.फा.नं. २७०	एकीकृत आय व्यय विवरण	फरक
गत वर्षको अल्या	१०९५२४४.०२	१३६३९९०५.२	१२५४४६६१.१८
यस वर्षको आम्दानी	५२९४५६१७७.३२	५५१७५५९३३.२	२२२९९७५५.८८
यस वर्षको खर्च रकम	५३०२९७३४६.३	५५१०५०७७७.	२०७५३४३०.७
बाँकी मौज्दात	१४९९०४५५.११	१४३४५०६१.४	-६४५३९३.७१

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नुपर्दछ ।

वित्तीय विवरणको यथार्थताः पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाइन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा, आन्तरिक आय आय तथा खर्च सुत्रमा यथर्थ लेखाङ्कन गरेको छैन । जसले गर्दा सुवबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोवार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,

• पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

• कार्यालयको स्रेस्ता र बैंकबीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको,

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्युटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी राखेको पाइएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना गरेको पाइएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६१ जनाको दरबन्दी रहेकोमा ५० पद रिक्त रहेको विवरण पेश भएको छ । रिक्त पद पूर्तिको लागि लोक सेवा आयोगमा माग गरी पठाएको पाइएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको पाइएन,

• पालिकाका कर्मचारीहरूको लागि यस वर्ष रू. ६ करोड २३ लाख ८८ हजार तलव खर्च लेखेकोमा तलवी प्रतिवेदन पास गरेको पाइएन,

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ नीति तथा मार्गदर्शन र बजेट कार्यान्वयन

४.१ नीति तथा मार्गदर्शनः पालिकाको आ.व. २०८१।८२ को नीति तथा मार्गदर्शन २०८१ असार १० गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः

• राजपुर न.पा. वडा नं.१ अन्तर्गत रहेको पोखरीको सौन्दर्यकरण छिटो भन्दा छिटो सम्पन्न गर्ने,

• राजपुर न.पा. वडा नं.२ मा रहेको घोडदौल आँट र पोखरीको सौन्दर्यकरण र पिकनिक स्पोर्ट बनाउने,

• पर्यटकीय स्थलहरूको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाहय पर्यटकहरूलाई आकर्षित गर्ने,

• नगरपालिकाबाट हुने सबै भुक्तानीहरू बैंकिङ्ग प्रणालीद्वारा ई-पेमेन्ट लागु गर्ने,

• प्रत्येक सामुदायिक विद्यालयमा आधुनिक तरिकाद्वारा पठन पाठन गर्न गराउनको लागि विद्यालयमा स्मार्ट बोर्ड जडान गर्ने,

• माध्यमिक विद्यालयहरूमा छात्रवासको भवन निर्माण तथा पुस्तकालयको व्यवस्था गर्ने,

• यस नगरपालिका अन्तर्गत निरक्षरहरूको विवरण (डाटा) संकलन गरी साक्षर कक्षा सञ्चालन गरी साक्षर नगरपालिका घोषणा गर्न पहलकदमी गर्ने,

• माद्यमिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको लागि एसइइ परीक्षाको तयारीका लागि निःशुल्क कक्षा सञ्चालन गर्ने,

• ढल निकास र ल्याण्ड फिल्ड साइट निर्माणको लागि आवश्यक जग्गाको व्यवस्थापन गर्ने,

• नगर भित्रका प्रत्येक घर धुरीमा एक बिरुवा अनिवार्य रूपमा लगाइने नीति आवलम्बन गर्ने, आदि ।

नीति तथा मार्गदर्शनको कार्यान्वियन हुनुपर्दछ ।

४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि रू. ५५ करोड ९४ लाख १५ हजार बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल १६७ वटा कार्यक्रम मध्ये यस वर्ष १५ वटा कार्यक्रमहरू कार्यान्वियन गरेको पाइएन । कार्यान्वियन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन
१	सीप विकास (सिलाई कटाई/ब्युटिसियन) कार्यक्रम	२२५१२	राजस्व बाँडफाँड - संघीय सरकार	८००
२	विषयगत कार्यालयको सुधार योजना	२२५२९	राजस्व बाँडफाँड - प्रदेश सरकार	५००
३	डि.पि.आर. तयार	३११३५	नेपाल सरकार - समानीकरण अनुदान	५००
४	राजस्व सुधार कार्ययोजना	३११३५	नेपाल सरकार - समानीकरण अनुदान	४००
५	कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम	२२५१२	नेपाल सरकार - शसर्त अनुदान चालु [आई डि ए - सोधभर्ना हुने ऋण (वैदेशिक)]	९००
६	सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान	२२५२२	नेपाल सरकार - शसर्त अनुदान चालु [युरोपियन युनियन - नगद अनुदान (वैदेशिक)]	६२५
७	सुरक्षित नागरिक आवास कार्यक्रम :- रौतहट जिल्ला क्षेत्र नं. २ अन्तर्गत राजपुर न.पा.- ४०८ वटा	३११११	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)]	२३००

५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपप्रमुखले मिति २०८१।३।१० गते रु ५५ करोड ६० लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।३।२१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०८१।३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट तथा कार्यक्रम कार्यान्वयन**

६.१ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. २५ करोड ९३ लाख ९८ हजार खर्च भएकोमा पहिलो त्रैमासिकमा रु. ११ करोड १४ लाख ७३ हजार अर्थात ४२.९७, दोस्रो त्रैमासिकमा रु. ५ करोड ९ लाख ३० हजार अर्थात १९.६३, तेस्रो त्रैमासिकमा रु. ४ करोड ६३ लाख ४९ हजार अर्थात १७.८७ प्रतिशत र चौथो त्रैमासिकमा रु. ५ करोड ६ लाख ४६ हजार अर्थात १९.५२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा रु. १ करोड १० लाख ८४ हजार अर्थात ४.२७ प्रतिशत खर्च देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

क्र.स.	बजेट उपशीर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिना
१	पूँजीगत खर्चतर्फ	२५९३९८	१११४७३	५०९३०	४६३४९	५०६४६	११०८४
	प्रतिशत		४२.९७	१९.६३	१७.८७	१९.५२	४.२७

६.४ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	३१,९३,०००.००	३१,०७,२०५.९०	०.६०
२	सामाजिक विकास	२७,०८,५६,०००.००	२६,४९,७३,३०५.२३	५१.०३
३	पूर्वाधार विकास	१५,०१,२३,०००.००	१४,०१,३१,१२२.९१	२६.९८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	७,२०,०००.००	७,०७,५७४.००	०.१४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३,४५,२३,०००.००	११,०३,७८,१३८.२६	२१.२६
कुल जम्मा		५५,९४,१५,०००.००	५१,९२,९७,३४६.३०	१००.००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.०३ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र क्षेत्रमा ०.१४ प्रतिशत बजेट विनियोजन गरेको छ ।

७ योजना तथा कार्यक्रम व्यवस्थापन

७.१ योजना फरफारक – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

७.२ प्रगति प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

७.३ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

८ गुणस्तर परीक्षण

८.१ सामान खरिदमा गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्फेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले टुक्रे खरिद गर्दा अधिकांशमा स्फेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्फेसिफिकेशन स्पष्ट खुलाउने तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ प्रतिष्ठानले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

८.२ निर्माण कार्यको गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	उपभोक्ता समिति	खुद भुक्तानी
७-२०८१।६।१	छट्टु हजराको घरदेखि नाहर सम्म नाला निर्माण र राजकुमारको घरदेखि पूर्व मदर्सा सम्म पि.सि.सि.ढलान कार्य उ.स.राजपुर न.पा.१,रौतहट	२००००००
१०-२०८१।६।१	किशोर यादवको घरदेखि धनराजको घरसम्म र शंकर पासवानको घरसम्म पि.सि.सि.ढलान कार्य उ.स.राजपुर न.पा.५,रौतहट	१३६६७५९
११-२०८१।६।१	सडक ग्रेभल ढलान तथा कुडिया विधालय प्लास्टर उ.स.राजपुर न.पा.६,रौतहट	२०८५०३७
१२-२०८१।६।१	स्जिद फारुक अधुरो भवन निर्माण उ.स.राजपुर न.पा.६,रौतहट	२८९९१०१
४१-२०८१।७।७	शेख सेराजुलको घरदेखि पश्चिम बाँधसम्म माटोपुरी ग्रेभल तथा हयुम पाईप जडान गर्ने कार्य उ.स.राजपुर न.पा.१	१४८८६६६
५२-२०८१।७।७	छट्टु हजराको घरदेखि नाहर सम्म नाला निर्माण र राजकुमारको घरदेखि पूर्व मदर्सा सम्म पि.सि.सि.ढलान कार्य उ.स.राजपुर न.पा.१,रौतहट	१९०१०२८
७४-२०८१।११।६	हाईवेदेखि हुलाकी सडक सम्म र मन्दिरदेखि नेक महमद्को घरसम्म माटो ग्रेभल तथा पि.सि.सि.ढलान उ.स.राजपुर न.पा.१,	३३१३४०१

९ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार विभिन्न कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता १९६४ वटा, मृत्यु दर्ता ३५९ वटा, बसाइँसराइ ३२ वटा, विवाह दर्ता ५३० वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले पेश गरेको विवरण अनुसार पूर्वाधार निर्माण तर्फ ग्राभेल सडक निर्माण १३ कि.मि. र ग्राभेल सडक मर्मत १९ कि.मि. निर्माण गरेको छ । कालोपत्रे सडक निर्माण र मर्मत १/१ कि.मि. निर्माण गरेको विवरण पेश भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको अभिलेख भिडान गर्न सकिने गरी अध्यावधिक गरिनु पर्दछ ।

१० कर्मचारी व्यवस्थापन

१०.१ कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १५४ पदमा ११७ जना कर्मचारीहरू करारमा राखि रु. रु २,६१,३७,६८२। खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकमा भएको भुक्तानी तथा कर्मचारीको विवरण पालिकाले अध्याविधक गरी राखेको पाइएन । कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र दरबन्दी अनुसारको पदपूर्ति गर्नुपर्दछ ।

१०.२ स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ (५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका स्थायी कर्मचारीलाई रु. २१८७७८४५।- भुक्तानी गरेको छ। तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन। नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने व्यवस्थापन गर्नुपर्दछ।

१०.३ स्थानीय भत्ताः सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सवै निकायहरूमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरूलाई मात्र आर्थिक वर्ष २०७४।७५ बाट लागू हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रूपमा एक महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रूपमा एकपटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलव्ध गराउने कुनै व्यवस्था छैन।पालिकाले यस्ता भत्ता दिदा आफ्नो आन्तरिक स्रोतबाट दिने प्रवन्ध गर्नुपर्दछ।पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा कार्यरत देहायका करार कर्मचारीहरूलाई परिपत्र तथा निर्णय विपरित भुक्तानी गरेको भत्ता अनियमित देखिएको रू.

कर्मचारीको नाम	दर	पटक	रकम
डा. रुविना खातुन	७३११	९	६५७९९
डा. सोनी कुमारी साह	७३११	२	१४६२२
जम्मा			८०४२१

अनियमित भएको	८०,४२१

१०.४ कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनु पर्दछ ।

११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१२ बैक हिसाब

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैंक

खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक र स्रेस्ताबीच रू. ८०३१२ फरक रहेको छ । उक्त रकम थप आम्दानी भएको कारण फरक परेको विवरण पालिकाले पेश गरेको छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
	संचित कोष	३,२१४,३८०.०३	३,२१४,३८०.०३	
	विविध कोष खाता	८९,५८९.००	१६९९०१.००	८०३१२
	आकस्मिक कोष खाता	००	००	
	पुँजीगत खाता	००	००	
	धरौटी खाता	११,०१७,९४३.४८	११,०१७,९४३.४८	
	चालू खाता	००	००	
	प्रकोप व्य.कोष खाता	२३,१४८.८९	२३,१४८.८९	
जम्मा		१४,३४५,०६१.४०	१४४२५३७३.४०	८०३१२

१३ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार संघीय सरकार प्राप्त अनुदान रू. ५१,७२,८४७.८७ फिर्ता गर्न बाँकी देखाएकोमा उक्त रकम २०८२ असार ३० गते फिर्ता गरेको देखिन्छ । फिर्ता रकम देखिने गरी विवरण अध्यावधिक हुनु पर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त चालु	१६३,०५२,०००.००	१६०,१९०,५५२.१३	२,८६१,४४७.८७
	शसर्त पुँजीगत	१२०,४००,०००.००	११८,०८८,६००.००	२,३११,४००.००
	विषेश	००	००	००
	समपुरक	११,०००,०००.००	११,०००,०००.००	००
	अन्य			
प्रदेश सरकार	शसर्त पुँजीगत	८,३२३,०००.००	८,३२३,०००.००	००
	विषेश	३,०००,०००.००	३,०००,०००.००	००
	समपुरक	२,०००,०००.००	२,०००,०००.००	००
	अन्य			
	जम्मा	**३०७,७७५,०००.००**	**३०२,६०२,१५२.१३**	**५१,७२,८४७.८७**

१४ **कानून निर्माण तथा कार्यान्वयन**

१४.१ कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध

गराएकोमा यस पालिकाले यस वर्ष २ वटा ऐन, ३ समेत ५ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पलिकासँग हालसम्म बनेका कानून र राजपत्रमा प्रकिशत संख्याको विवरण मागिएकोमा यस वर्ष बनेका कानूनको मात्र विवरण पेश भएको छ । पालिकाले हाल सम्म बनेका कानूनको अभिलेख अध्यावधिक गर्नु पर्दछ ।

१४.२ न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको १७ गरी कुल २४ विवाद दर्ता भएकोमा १९ वटा फस्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा २ वटा सहकारीहरू रहेकोमा समस्याग्रस्त नभएको उल्लेख छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१६ सम्पत्ति उपयोग र संरक्षण

१६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको PAMS मा मौज्दात रहेका समानहरूको Public Asset Management System Version 2 (PAMSV2) मा Mapping गरी खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामान प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।
- जिन्सी निरीक्षण प्रतिवेदन (PAMSV2) बाट नभई Manual रूपमा गरेको पाइयो ।
- नियमावलीको व्यवस्था तथा परिपत्र अनुसार अघिल्लो आ.व.का जिन्सी मालसामान Public Asset Management System Version 2 (PAMSV2) मा प्रबिष्टी गरी सोही प्रणालीबाट निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१६.२ सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१६.३ जिन्सी दाखिला: आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ९५ मा सरकारी सम्पत्ति खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरेर मात्र खर्च लेख्ने व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसार भौचरबाट देहाय अनुसारका सामग्री खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन । अन्य खरिदको सम्बन्धमा समेत पालिकाले यकिन गरिनु पर्दछ । सोको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

गौ. भौ . न / मिति	भुक्तानी पाउनेको नाम	खर्चको विवरण	रकम
८७/ २०८१ / ०८ / २०	बजङ्ग ईम्पोरियम -605782110	पर्दा कपडा खरिद	१४९९५६
८९/ २०८१ / ०८ / २०	हनुमान ईम्पोरियम -301081520	मसलन्द खरिद	१३६९००
२८७/ २०८२ / ०३ / २०	क. अ . हरेन्द्र कुमार साह	जग्गा वर्गीकरण किताब छपाई	६६,४२०
जम्मा			३५३२७६

प्रमाण पेश नगरेको	३,५३,२७६

१६.४ सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

१७ आर्थिक सहायता र अन्य विविध खर्च

१७.१ आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष ९० जनालाई रु. ५ लाख ४७ हजार आर्थिक सहायता वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१७.२ विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३७ लाख ५६ हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१८ अनुदान तथा आर्थिक सहयोग

१८.१ अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरूलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । कार्यालयबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१८.२

आर्थिक सहयोगः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १८३,२७५.०० अति विपन्न विरामीका लागि उपचार खर्च देहाय अनुसार रकम विवरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यलाई कार्यविधि बनाई व्यवस्थित गर्नुपर्दछ ।

भौ. नं.	मिति	विवरण	डेबिट
५६	२०८१/०९/१६	तसलिमा खातुन	४,०००.००
५७	२०८१/०९/२१	हेमन महरा चमार	६,०००.००
५९	२०८१/१०/१४	नसिमा खातुन	५,०००.००
६०	२०८१/१०/१४	सदरे आलम	५,०००.००
६१	२०८१/१०/२७	नाजरा खातुन	१५,०००.००
६२	२०८१/१०/२७	सैफुन खातुन	१५,०००.००
८५	२०८१/११/०६	का.स.शेख अजिजु	४९,२७५.००
११८	२०८२/०१/३०	वाचनी कुमारी लाई	५,०००.००
१५१	२०८२/०२/०९	सेख नसीर	५,०००.००
१६९	२०८२/०२/१४	हसिबा खातुन	५,०००.००
१७०	२०८२/०२/१४	सनिजा खातुन	५,०००.००
१७१	२०८२/०२/१४	शेख बलजाहिर	५,०००.००
१७२	२०८२/०२/१४	यासमीन	४,०००.००
१७४	२०८२/०२/२३	४ न. वडा कार्यालयको वडा अध्यक्ष शेख अन्सारुल हक	५०,०००.००
१७६	२०८२/०३/११	शेख जोबैर	५,०००.००
	जम्मा		१८३,२७५.००

१९ **आँखा शिविर** (१४८/2082-02-07):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बिल, भरपाई र प्रमाण कागजात सम्लग्न गर्नुपर्ने व्यवस्था छ । नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं तिलगंगा, निजगढ सामुदायित आँखा अस्पताल निजगढ बारा र वीरदल गण पुरेनवाको संयुक्त आयोजना तथा रौतहट जिल्ला स्थित गढीमाई, गरुडा, राजपुर, गुजरा, कटहरिया र परोहा नगरपालिकाको सहयोग र समन्वयमा गरुडा नगरपालिका स्थित मोहम्द स्वास्थ्य चौकीमा मिति २०८१/०९/२७ देखि मिति २०८१/१०/०२ गते सम्म संचालित आँखा शल्यक्रिया शिविरमा खटिएका डाक्टर तथा स्वयम् सेवकहरूलाई खाना खर्च वापतको रकम रु. १६३९५० श्री विष्णु राशन आपूर्ति सप्लायर्सलाई भुक्तानी गर्दा बिल भर्पाइ बेगर खर्च गरेको पाइयो । यस अवधिको गढीमाई नगरपालिकाले समेत भौ.नं. १२४ २०८१।१२।४ बाट रू. ११४२५५ खर्च लेखेको छ । कार्यक्रममा सञ्चालकले दोहोरो खर्च नभएको प्रमाण पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	१,६३,९५०

२० **पूँजीगतबाट चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको

उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु. ३८३०२८४ भुक्तानी दिएको पाइयो । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

भौ.नं. मिति	शीर्षक	वपत	भुक्तानी पाउनेको नाम	रकम
६७-२०८१।११।५	सामाजिक विकास कार्यक्रम	बाडि पीडितहरूको साहत सामग्री	इजामुल किराना पसल	२५४६००
६९-२०८१।११।६	विभिन्न मदरसा / मठ मन्दिर सञ्चालन सहयोग र चान्दा पुजा	वृन्दावन न.पा.मा श्री रुपा स्मृति कप-२०८१ सञ्चालन	मोहन कुमार यादव	३००००
८६-२०८१।११।६	सामाजिक विकास कार्यक्रम	विभिन्न वडाको बाल बिवाह कार्यक्रमको रकम	१, २,३, ५, ६ वडा र पञ्जीकरण शाखा	२५९५६८४
८७-२०८१।११।६	गत विगत वर्षको योजना / कार्यक्रम / अन्य बाँकी रकम भुक्तानी	बाल बिवाह कार्यक्रम तालिम सञ्चालन	क.अ. विनोद शर्मा	४५००००
८९-२०८१।११।६	गत विगत वर्षको योजना / कार्यक्रम / अन्य बाँकी रकम भुक्तानी	किशोर किशोरी शिक्षा तालिम सञ्चालन	का.स. शेख अजरुदीन	४५००००
१३७-२०८२।२।५	विभिन्न मदरसा/ मठ मन्दिर सञ्चालन सहयोग र चान्दा पुजा	नारी दिवस	जुनैदा खातुन	५००००
जम्मा				३८३०२८४

२१ **कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । यस पालिकाले देहायका कर्मचारीलाई अधिकृतस्तर स्तरको तलव भत्ता भुक्तानी गरेको छ ।यसरी कानुनले व्यवस्था गरेको भन्दा बिपरित कानुनी सलाहकार नियुक्त गरी मासिक भुक्तानी गर्नु नियम सम्मत नदेखिएको रु.

कानुनी सलाहाकारको नाम	भुक्तानी रकम
कौशर आलम (अधिकृत आठौ)	रु ६,३३,६८१
संजीव कुमार मल्लिक (अधिकृत छैठौ)	रु ५,६७,९५७

अनियमित भएको	१२,०१,६३८

२२ **सवारी लगबुक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माण सुधार भुक्तानी दिन बाँकी शीर्षकबाट सवारी लगबुक बेगर रु. २५८०७५९। तारा आयल स्टोरको २०८१।२।२ र ४।३१ को २ थान वीलबाट इन्धन खरिद वापत भुक्तानी दिएको देखिन्छ । प्रयोजन खुल्ने प्रमाण कागजात बेगर लगबुक नराखी इन्धन खर्च लेख्नु नियमसंगत नदेखिएको रु.

प्रमाण पेश नगरेको	२५,८०,७५९

२३ **बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । तर उक्त व्यवस्था वाहेकको पालिकाले पटके रूपमा असुल गरेको देहाय अनुसारको बहाल कर नगरपालिकको संचित कोषमा जम्मा गरेको रकम संघीय संचित कोष खातामा दाखिला गर्नु पर्ने रू.

बजेट शीर्षक	गोभौनं./ मिति	रकम
न.पा. पूँजीगत	८३—२०८१।११।६	१००८७४६.००
,,	१६८-२०८२।२।१४	१०४४८२९.००
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	३५-२०८२।२।१४	२६६८६०.००
जम्मा		२३२०४३५.००

असुल गर्नुपर्ने	२३,२०,४३५

२४ **आन्तरिक लेखापरीक्षण तथा म.ले.प. फारमको प्रयोग**

२४.१ आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवम् आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएतापनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवम् वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२४.२ आन्तरिक लेखापरीक्षण - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर राजपुर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४.३ बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

२४.४ म.ले.प. फारमहरूको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

सवारी साधन र मेशिनरीको मर्मत अभिलेखः सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

२५ **धरौटी करोवार**

२५.१ धरौटी करोवार: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको बैँक स्टेटमेन्ट अनुसार गत वर्षको बाँकी रकम रु. ८८३९६७४.४८ यो वर्षको प्राप्त धरौटी आम्दानी रु. ७९५६२६९ समेत रु. १६७९५९४३.४८ धरौटी आम्दानी देखिएको छ । सो मध्ये खर्च रु. ५७७८००० भई रु ११०१७९४३.४८ बाँकी देखिन्छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रु. ११०१७९४३.४८ मध्ये कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन गर्न सक्ने अवस्था छैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ।

२५.२ धरौटी सदरस्याहा :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम तोकिएको समायवधिभित्र धरौटी फिर्ता लिन नआएमा त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने र त्यस्तो म्यादभित्र पनि लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस सम्बन्धमा यकिन गरी नगरपालिकामा गत विगतको रु. ८८३९६७४.४८ धरौटी बाँकी रहेकोमा यस्ता पुराना तथा प्रयोजन समाप्त भएका धरौटीहरू सम्बन्धमा यकिन गरी सदरस्याहा गरिनुपर्दछ ।

२५.३ मू. अ. कर समायोजनपत्र पेश नगरेकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजम निर्माण व्यबसायीको रिटेन्सन मनी वापत बिलबाट कट्टी गरी राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ। तर पालिकाले कर विवरण पेश गरेको र मू.अ.कर समायोजन गरेको पत्र वेगर माग गरेको आधारमा धरौटी फिर्ता गरेको देखिएकोले कर चुक्ताको प्रमाण पत्र र मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

गो भौ नं र मिति	निर्माण व्यवसायी/सप्लायर्स को नाम	रकम रु
३६/२०८२।०२।११	चण्डी देवी मुना जे.भी.	५५०००००
४१/२०८२।०३।१७	आलम कन्सट्रक्सन राजपुर न.पा. रौतहट	२७८०००
जम्मा		५७७८०००

प्रमाण पेश नगरेको	८,२८,०००

२६ **पेश्की रकम खर्च जनाएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । पालिकामा कार्यरत प्रा.स. रुपेश कुमार ठाकुरले मिति २०८२।२।२२ को निवेदनबाट कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम अन्तर्गत तथ्यांक संकलनका लागि रु.६०,०००।- पेश्की माग गरेकोमा पालिकाले गौ.भौ.नं. १५३-२०८२।३।१६ बाट बजेट खर्च लेखी भुक्तानी दिएको छ । सम्बन्धित कर्मचारीसंग कार्यक्रमको सम्बन्धित कागजात लेखापरीक्षणको क्रममा माग गर्दा कार्यक्रम हालसम्म सञ्चालनमै रहेको जानकारी प्राप्त भएको छ । खर्चको पुष्ट्याई हुने कागजात पेश गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	६०,०००

२७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। गत विगतको समेत देहाय अनुसारको मोविलाइजेसन पेश्की रू. १०४००००। , संस्थागत पेश्की रू. ९५०००००। , उपभोक्ता समिति रू.

७९६५०८०। , व्यक्तिगत पेश्की रू. ८३२१६१३, आपूर्तिकर्ता पेश्की रू. २००००० समेत रू. २७०२६६९३। पेश्की फर्स्यौट भएको छैन । चालु आ.व.मा भुक्तानी गरेको देहाय अनुसारको व्यक्तिगत पेश्की रू. १३६९००० आर्थिक वर्षको अन्त्यमा समेत फर्स्यौट नभएको रू.

भौ.नं.	मिति	कार्यक्रम/शीर्षक	पेश्की लिनेको नाम	पद	पेश्की रकम
५०	०८/१०/२०८१	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम)	मो.जाबेद आलम	कम्पुटर अ.	२०००००
५०	०८/१०/२०८१	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण	मो.जाबेद आलम	कम्पुटर अ.	१४००००
५०	०८/१०/२०८१	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	मो.जाबेद आलम	कम्पुटर अ.	३६००००
५१	०८/१२/२०८१	किसान सूचीकरण कार्यक्रम	रुपेश कुमार ठाकुर	प्रा.स.	२०००००
१०९	०२/०२/२०८२	स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन	फिरोज अन्सारी	रोजगार संयोजक	१०००००
१०९	०२/०२/२०८२	रोजगार संवाद मञ्चको सञ्चालन	फिरोज अन्सारी	रोजगार संयोजक	३०,०००.००
१०९	०२/०२/२०८२	रोजगारीमा खटिनु पूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन	फिरोज अन्सारी	रोजगार संयोजक	४५,०००.००
१०९	०२/०२/२०८२	सञ्चालित रोजगार आयोजनाहरूको अनुगमन/निरीक्षण	फिरोज अन्सारी	रोजगार संयोजक	४५,०००.००
१०९	०२/०२/२०८२	श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन	फिरोज अन्सारी	रोजगार संयोजक	१०००००
१०९	०२/०२/२०८२	रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च	फिरोज अन्सारी	रोजगार संयोजक	१०००००
१०९	०२/०२/२०८२	कार्यस्थल सुरक्षा सामग्री	फिरोज अन्सारी	रोजगार संयोजक	२५,०००.००
१०९	०२/०२/२०८२	अन्य विविध खर्च (चिया पानि लगायत अन्य विविध)	फिरोज अन्सारी	रोजगार संयोजक	२४,०००.००
जम्मा					१३६९०००
				पेश्की	१३,६९,०००

२८ **कक्षा (११-१२) मा विज्ञान विषय सञ्चालनको लागि कार्यसम्पादन आधारित अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको उप-क्रियाकलाप नं. ९.५ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना

कार्यान्वयनका लागि कार्य सम्पादनमा आधारित अनुदान कक्षा (११-१२) मा विज्ञान विषय सञ्चालनका लागि नमुना विद्यालयलाई विद्यार्थी संख्याको आधारमा रू.१० लाख देखि ६० लाखसम्म अनुदान दिने व्यवस्था छ। स्रेस्ता परीक्षण गर्दा विनियोजित रकम पूँजीगत शीर्षक बाहेक गुरुयोजना अनुसार खर्च गर्नुपर्ने व्यवस्था भएकोमा विद्यालयबाट गुरुयोजना नै पेश नभएको साथै शिक्षक नियुक्ति, भुक्तानी प्रक्रिया तथा कार्ययोजना अनुसार खर्चको कुनै प्रमाण पेश नभएको पाइयो। अतः अनुदान रकम गुरुयोजनाको सम्बन्धित शीर्षकमा तोकिए अनुरुप खर्च भएको प्रमाण पेश हुनुपर्ने रू

भौ.नं.।मिति	**विद्यालयको नाम**	**रकम**	**कैफियत**
९-०८१।६।१	श्री माध्यमिक विद्यालय बैरिया	१५०००००	लागि स्वीकृत विद्यालय विकास कार्य योजनाका आधारमा विज्ञान विषय पठनपाठनका लागि
१५७-०८२।३।१७	श्री जनता माध्यमिक विद्यालय राजपुर	३००००००	शैक्षिक तथ व्यवस्थापकीय योजना कार्यान्वयनको लागि
	जम्मा रकम	**४५०००००**	

प्रमाण पेश नगरेको	४५,००,०००

२९ **अङ्ग्रेजी, विज्ञान र गणित विषयमा शिक्षण अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलापन नं. २.७.१३.४० र २.७.१३.४१ मा क्रमशः कक्षा (९-१०) र (६-८) सञ्चालित विद्यालयका लागि बजेटको परिधिभित्र रही शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको माध्यमिक तहका लागि शुन्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यलायलाई ३ ओटा, १ दरबन्दी/राहत भएकालाई २ ओटा र २ दरबन्दी/राहत भएकालाई १ ओटाका दरले त्यस्तै कक्षा (६-८) सम्म सञ्चालित शुन्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध दिने व्यवस्था छ। शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं. ७(ख) अनुसार छनोट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने र यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने भनिएकोमा नगरपालिकाले देहायका विद्यालयहरूलाई शुन्य शिक्षक अनुदान दिएकोमा शिक्षकको नियुक्ती, सम्झौता, छनोटको प्रक्रिया, शैक्षिक योग्यता तथा प्रमाणपत्र र लामो समयदेखि पढाउदै आएका शिक्षकहरूको सम्झौता नविकरण लगायतका प्रक्रिया र प्रमाण बेगर अनुदान निकासा दिएको, तबल माग फारम र भुक्तानीको पे-रोल समेत पेश नभएकोले शिक्षक नियुक्तिपत्र, तलब माग फारम र भुक्तानीको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

<table>
<tr><th>भौ.नं.।मिति</th><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="5">६-०८१।९।१</td><td>किशान माध्यमिक विद्यालय बलुवा</td><td>७६७३८७</td><td rowspan="5">२०८१ श्रावणदेखि असोजसम्मको कक्षा (६-८ र ९-१०), कर्मचारी नियुक्ती, माग फारम, शैक्षिक योग्यता, करार सेवा नवीकरण, तलब माग फारम तथा भुक्तानी/पे-रोलको प्रमाण केही पेश नभएको।</td></tr>
<tr><td>माध्यमिक विद्यालय बैरिया</td><td>६६३१८८</td></tr>
<tr><td>मौलवी आधारभुत विद्यालय पिपरा गौस</td><td>१३८९२०</td></tr>
<tr><td>आधारभुत माध्यमिक विद्यालय फतुहा-२</td><td>१३८९२०</td></tr>
<tr><td>जम्मा</td><td>१७०८४०९</td></tr>
<tr><td rowspan="5">७-०८१।६।१</td><td>किशान माध्यमिक विद्यालय बलुवा</td><td>६०१५८१</td><td rowspan="5">कक्षा ६-८ र ९-१० सम्मको अनुदान, २०८१ बैशाख देखि असारसम्मको भुक्तानी।</td></tr>
<tr><td>माध्यमिक विद्यालय बैरिया</td><td>४७०५१४</td></tr>
<tr><td>मौलवी आधारभुत विद्यालय पिपरा गौस</td><td>१०४१९०</td></tr>
<tr><td>आधारभुत माध्यमिक विद्यालय फतुहा-२</td><td>१०४१९०</td></tr>
<tr><td>जम्मा</td><td>१२८०४७५</td></tr>
<tr><td rowspan="4">३३-०८१।७।९</td><td>किशान माध्यमिक विद्यालय बलुवा</td><td>६०१५८१</td><td rowspan="4">कक्षा ६-८ को लागि मा.वि. तहका स्वीकृत दरबन्दी शिक्षक, राहत अनुदान शिक्षक तलब भत्ता शीर्षकबाट रू.१०९८९७२ र कक्षा ६-८ अङ्ग्रेजी विज्ञान गणित शीर्षकबाट रू.२०८३०८ गरी रू.१३०७३५२ भुक्तानी। फरकःशीर्षकबाट नियमविपरित गरी भुक्तानी।कार्तिक-पुस</td></tr>
<tr><td>माध्यमिक विद्यालय बैरिया</td><td>४९७३९१</td></tr>
<tr><td>मौलवी आधारभुत विद्यालय पिपरा गौस</td><td>१०४९१०</td></tr>
<tr><td>आधारभुत</td><td>१०४९१०</td></tr>
</table>

	माध्यमिक विद्यालय फतुहा-२		
	जम्मा	**१३०७३५२**	
६७-०८१। १०।१८	किशान माध्यमिक विद्यालय बलुवा	६५११५८१	मा.वि. ९-१० सम्मको लागि रू.१०,००,००० र आ.वि. ६-८ सम्मको लागि रू.६,३५,७३२ गरी रू.१६,३५,७३२ निकासा। माघ-चैत्रसम्म।
	माध्यमिक विद्यालय बैरिया	५३७३९१	
	मौलवी आधारभुत विद्यालय पिपरा गौस	३३२५७०	
	आधारभुत माध्यमिक विद्यालय फतुहा-२	११४१९०	
	जम्मा	**१६३५७३२**	
१२७-०८२। ३।१०	किशान माध्यमिक विद्यालय बलुवा	१३८८९०	कक्षा ६-८ सम्मको बैशाख र जेठको लागि
	माध्यमिक विद्यालय बैरिया	१३८८९०	
	मौलवी आधारभुत विद्यालय पिपरा गौस	१३८८९०	
	आधारभुत माध्यमिक विद्यालय फतुहा-२	३४७३०	
	जम्मा	**४५१४००**	
१३४-०८२। ३।१०	किशान माध्यमिक विद्यालय बलुवा	३९३२०१	कक्षा ९-१० सम्मको बैशाख र जेठको लागि
	माध्यमिक विद्यालय बैरिया	१३१०६७	
	जम्मा	**५२४२६८**	
१७४-०८२।	किसान	६९४६०	कक्षा ६-८ सम्म अङ्ग्रेजी विज्ञान र गणित विषय अनुदान शीर्षकबाट निकासा। कुनै प्रमाण नभएको।

३।२४	माध्यमिक विद्यालय बलुवा		
	माध्यमिक विद्यालय बैरिया	६९४६०	
	मौलवी आधारभुत विद्यालय पिपरा गौस	६९४६०	
	आधारभुत माध्यमिक विद्यालय फतुहा-२	६९४६०	
	जम्मा	**२७७८४०**	
	कुल जम्मा निकासा रकम	**७१८६९२२**	

प्रमाण पेश नगरेको	७१,८६,९२२

३० **शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को क्रियाकलाप नं.२.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको बुँदा नं. ६.८ मा समता सूचक (Equity Index) का आधारमा छनोट भएका अनुसूची-३ मा उल्लेखित स्थानीय तहले सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालयबाहिर रहेका बालबालिकाको विस्तृत सर्वेक्षण गरी तोके अनुसार सिकाइ उपलब्धी अभिवृद्धि कार्यक्रम गर्ने व्यवस्था भएकोमा राजपुर नगरपालिका, रौतहटको कार्यान्वयन पुस्तिकाको अनुसूची-३ मा नाम नै नभएको तर पालिकाले उक्त शीर्षकमा भौ.नं. ५८-०८१।९।१४ बाट रू.७,००,००० र भौ.नं.१३०-०८२।३।१० बाट शिक्षा शाखा प्राविधिक सहायक खुर्सेद आलमको पेश्की फर्स्यौट रू.२,००,००० निकासा दिएको छ। यसरी सम्बन्धी शीर्षकमा पालिकाको नाम नभएको र खर्चको प्रमाण पनि पेश नभएकोले निकासा रकम देहायका विद्यालय र व्यक्तिबाट असुल गर्नुपर्ने रू

क्र.सं.	**विद्यालयको नाम**	**रकम**
1.	माध्यमिक विद्यालय बैरिया	३५००००
2.	किसान मा.वि. बलुवा	३५००००
3.	शिक्षा शाखा प्रा.स. खुर्सेद आलम	२०००००
	जम्मा रकम	**९००००० **

पालिकाको वडा नं.९ बैरिया टोल तथा वडा नं. ८ र ३ को बलुवा टोलमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको संख्या डाटा संकलनबाट बढी देखिएकोले रु.३ लाखका दरले रू.७ लाख निकासा दिएको पालिकाको भनाई रहेको छ।

असुल गर्नुपर्ने	९,००,०००

३१ **संघीय सशर्तबाट विगतका भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका

खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। नगरपालिकाले संघीय सशर्त चालु शीर्षकबाट गत विगतका भुक्तानी दिएकोमा सोको प्रमाण र भुक्तानी बाँकीको अभिलेख पेश नभएकोले उक्त भुक्तानी अनियमित भएको रू

भौ.नं.। मिति	नाम	रकम	कैफियत
४१-०८१।७।९	तार र पंखा खरिद गरेको	१२४०२०	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानबाट ०८०।८१ को भुक्तानी
४३-०८१।७।९	आ.वि. फतुहा महेशपुर	१०६४२९	आर्थिक वर्ष ०७९।८० र ०८०।८१ को अर्जुन स्टेशनरीको बिजम पेश गरी निकासा।
	अफताब आलम आवि डमार	८८५३६	
१६९-०८२।३।२३	आ.वि. अकोलवा	१९००००	करार शिक्षक लक्ष्मी साहलाइ ०७९ वैशाख देखि श्रावनसम्मको लागि। भुक्तानी प्रमाण केही नभएको।
	जम्मा रकम	**५०८९८५**	

अनियमित भएको	५,०८,९८५

३२ **विपदका समयमा सिकाई निरन्तरताका लागि द्रुत सिकाई योजना**

३२.१ कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०४ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा विपदको समयमा सिकाई निरन्तरताका लागि Online Media Plateform विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu मा रहेका सामग्रीको प्रयोग गरी स्थानीय तहले स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्साङ्कन, ReAL plan नमुना गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण तथा REAL कार्यक्रम कार्यान्वियनको लागि स्रोतको नक्साङ्कन गर्ने, विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने तथा ReAL Plan कार्यान्वियनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वियन सहजीकरणको व्यवस्था मिलाउने सम्बन्धित विद्यलायले ReAL Plan कार्यान्वियन सम्बन्धमा शैक्षिक सत्रको सुरुमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालयस्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने तथा विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू गर्नुपर्ने उल्लेख छ। पालिकाले २०८१ श्रावण २ गते देखि असोज २ गतेसम्म SEE परीक्षा तयारीको लागि अङ्ग्रेजी, गणित, सामाजिक र विज्ञान विषयमा अत्तिरिक्त कक्षा सञ्चालन वापत भौ.नं.८-०८१।६।१ बाट दुईवटा सामुदायिक विद्यालय श्री माध्यमिक विद्यालय बैरिया र श्री किसान मा.वि. बलुवालाई रू.३,००,००० भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा नगरपालिकाले कार्यविधि विपरित भौतिक कक्षा सञ्चालन गरेको, सिकाउने विषयको दैनिक समय तालिका नखुलेको र भरपाईमा कसैको हस्ताक्षर समेत नभएको पाइयो। पालिकाले कार्याविधिको निर्देशनानुसार Online Media Plateform बाट सिकाइको कुनै प्रमाण पेश नभएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu अनुसार शैक्षिक परिपूरणको प्रावधान अनुसार कक्षा सञ्चालन नगरेको पाइयो। तसर्थ, विद्यालयले भुक्तानी दिने देहायका शिक्षकहरूबाट भुक्तानी रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू

क्र.सं.	नाम	भुक्तानी रकम
1.	मायाकेश्वर मिश्र	३७६००
2.	चन्दन कुमार मिश्र	३७६००
3.	योगेन्द्र कुमार साउद	३७६००
4.	रामशंकर प्रसाद साह	३७६००
5.	राजेन्द्र राय यादव	३७६००
6.	अजय कुमार साह	३७६००
7.	निरञ्जन प्रसाद	३७६००
8.	अजमतुल्लाह	३७६००
	जम्मा रकम	३००८००

असुल गर्नुपर्ने	३,००,८००

३२.२ नगरपालिकाले उक्त कार्यक्रमको लागि शिक्षा शाखा प्राविधिक मो. खुर्सेद आमलको पेश्की रू.३ लाख भौ.नं.१३०-०८२।३।१० बाट फर्स्यौट गरेको छ। आलमले विपदका समयमा सिकाई निरन्तरता (ReAL) शीर्षकबाट रू.२ लाख र वैकल्पिक शिक्षा (परम्परागत विद्यालय) शीर्षकबाट रू.३ लाख गरी रू.५ लाखको पेश्की लिएको फर्स्यौट भएको छ। स्रेस्ता परीक्षण गर्दा कार्यान्वयन पुस्तिका विपरित कार्यक्रममा सहभागी भत्ता, खाजा, पानी, लगायतका शीर्षकमा खर्च गरेकोले अनियमित देखिएको रू

अनियमित भएको	५,००,०००

३३ प्रधानध्यापकलाई नेतृत्व क्षमता अभिवृद्धि तालिम

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११ मा शैक्षिक पहुँच सनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रममा विभिन्न कार्यको लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ। शिक्षा शाखा संयोजक एजाजुल हक खाँले कार्यान्वयन कार्यविधि विपरित आफ्नो नाममा रू.६,००,००० पेश्की लिएकोमा भौ.नं.१७०-०८२।३।२३ बाट फर्स्यौट गरेको छ। स्रेस्ता परीक्षण गर्दा एजाजुल हक खाँ ले सामुदियक विद्यालयमा कार्यरत प्रधानध्यापकहरूलाई दुईदिने नेतृत्व क्षमता विकास अभिवृद्धि कार्यक्रम गरेकोमा कापी खरिद र रू.२८,००० भत्ता बाहेकको प्रमाण पेश नभएको र कार्यक्रमको प्रतिवेदन समेत नभएको पाइयो। कार्यक्रम कार्यान्वनय कार्याविधिको निर्देशन विपरित आफ्नो नामबाट पेश्की लिएको साथै कार्यक्रम पुष्टि हुने प्रमाण नभएकोले कार्यविधिको निर्देशन अनुसार खर्चको प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	६,००,०००

३४ कक्षा ८ परीक्षा सञ्चालन

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ को बुँदा नं. १५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कनको लागि प्रति विद्यार्थी रू.२७५ का दरले अनुदान दिने व्यवस्था छ। नगरपालिकाको शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क अनुसार पालिकामा सञ्चालित विद्यालयहरूमा कक्षा ८ को जम्मा विद्यार्थी संख्या ४७० रहेको र सो आधारमा जम्मा रू.१,२९,२५० निकासा दिनुपर्नेमा पालिकाले उक्त कार्यको लागि रू.२,२५,००० पेश्की लिएको मो.खुर्सेद आलमको भौ.नं.१९०-०८२।३।२९ बाट फर्स्यौट गरेको छ। नियमानुसार भएको बढी भुक्तानी रू.९५,७५० मो.खुर्सेद आलमबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू

असुल गर्नुपर्ने	९५,७५०

३५ **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक सुदृढीकरण उवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.५ मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदानको लागि नमूना विद्यालय छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालनका गरिरहेका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा ३० देखि ६० लाखसम्म अनुदान दिने व्यवस्था छ। नगरपालिकाले उपरोक्त शीर्षकबाट अतिरिक्त कक्षा सञ्चालन, सन्दर्भ सामग्री चार्ट खरिद गर्न, कम्प्युटर तथा फोटोकपी मेशिन मर्मत गर्ने जस्ता कार्यको लागि भौ.नं.१५२-०८२।३।१६ बाट चारवटा विद्यालयलाई रू.१५,००,००० निकासा दिएको छ। निर्धारित कार्यविधि विपरित संघीय सशर्त चालुबाट निकासा दिएको र खर्चको प्रमाण समेत पेश नभएको पाइयो। अतः पालिकाले देहायका विद्यालयहरूलाई दिएको निकासाको नियमानुसार खर्च भएको प्रमाण पेश रू

सि.नं.	विद्यालयको नाम	रकम
1.	माध्यमिक विद्यालय बैरिया	४५००००
2.	किसान माध्यमिक विद्यालय बलुवा	४५००००
3.	मौलवी आ.वि. पिपरा गौस	३०००००
4.	आ.वि. फतुहा महेशपुर-२	३०००००
	जम्मा रकम	**१५०००००**

प्रमाण पेश नगरेको	१५,००,०००

३६ **उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को बुँदा नं. ९.२ मा स्थानीय तहले शैक्षिक व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधर मानेर उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिन सक्ने व्यवस्था छ। पालिकाले उपरोक्त मापदण्ड नअपनाई मौखिम आधारमा उत्कृष्ट विद्यालय घोषणा गरी भौ.नं.१०-०८१।६।१ बाट श्री मा.वि. बैरियालाई रू.३ लाख र श्री किसान मा.वि. बलुवालाई रू.२ लाख निकासा दिएको छ।

विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नुपर्नेमा वि.व्य.स. को निर्णय पेश भएको छैन। साथै विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउनुपर्नेमा प्रतिवेदन नपठाएको पाइयो। अतः विद्यालयले अनुदान रकम खर्च नगरी खातामा मौज्दात राखेकोले देहायका विद्यालयहरूबाट असुल गरी संघीय राजस्वमा दाखिला गर्नुपर्ने रू

क्र.सं.	विद्यालयको नाम	रकम
1.	श्री माध्यमिक विद्यालय बैरिया	३०००००
2.	श्री किसान माध्यमिक विद्यालय बलुवा	२०००००
	जम्मा रकम	**५०००००**

असुल गर्नुपर्ने	५,००,०००

३७ **पोषणमैत्री स्थानीय शासन प्रवर्धन**

महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ मा स्थानीय तहमा महिला सहकारी तथा समूहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ। पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत किशोरीहरूलाई महिनावारी स्वच्छता सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागि पोषण स्वयसेवक आनन्द कुमारको रू.५ लाखको पेश्की पालिकाले भौ.नं.१८६-०८२।३।२५ बाट फर्स्यौट गरेको छ। उक्त पेश्की फर्स्यौटको स्रेस्ता परीक्षण गर्दा आधारभुत विद्यालय फतुहा महेशपुर-२ का विद्यार्थीहरूसँगको फोटो मात्र पेश गरी कार्यक्रम सञ्चालक आनन्द कुमारले १२ महिनाको तलब, चाडपर्व र पोषाक भत्ता समेत गरी रू.४,३७,७२६ भुक्तानी स्वंयम लिएको नियमसम्मत नभएको रू

अनियमित भएको	४,३७,७२६

३८ **शिक्षा तलब**

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा आधारभुत तथा माध्यमिक तहमा सञ्चालन भएका विद्यालय सहयोगी कर्मचारी, विद्यालय सहायक कर्मचारी र प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक वापत क्रमश मासिक रु ८०००।, १३५००। र १००००। अनुदान दिने र नेपाल सरकारले निर्धारण गरे बमोजिमको मासिक न्युनतम पारिश्रमिकमा उल्लेखित न्युनतम रकममा नपुग हुने रकम स्थानीय तहले व्यवस्था गर्ने उल्लेख छ। कार्यविधिमा उल्लेख भए भन्दा बढि पारिश्रमिक सशर्त अनुदान खर्च शीर्षकबाट खर्च लेख्न मिल्ने देखिदैन। पालिकाले उक्त कर्मचारीहरूको पारिश्रमिक रकममा नपुग हुने रकम स्थानीय तहले थप गर्नुपर्नेमा संघीय सशर्त अनुदान शीर्षकको गौ.भौ.नं. २२।७२-२०८१।१०।२२ बाट कार्यक्रम कार्यविधिमा तोकिएको भन्दा बढि रु. २३,३१,००० थप गरी कर्मचारी तथा बालबिकास शिक्षकहरूलाई निकाशा दिएको पाईयो। कार्यक्रम कार्यविधिमा भएको व्यवस्था विपरित संघीय सशर्त अनुदानबाट निकाशा दिएकोले उक्त रकम संघीय सञ्चित कोषमा शोधभर्ना गरेको प्रमाण पेश गर्नुपर्ने रु

सोधभर्ना नलिएको	२३,३१,०००

३९ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार
1	श्री जनता मा.वि.	१६	१६	०
२	श्री किसान मा.वि.बलुवा	६	६	०
३	श्री माध्यमिक विधालय बैरिया	९	९	०
४	श्री मौलवी आ.वि.पिप्रा गौस	८	८	०
५	श्री सरस्वती सदन आ.वि.अकोलवा	५	५	०
६	श्री शेख इद्रिसआ.वि.पोखरिया	४	४	०
७	श्री आ.वि.फतुहामहेशपुर	५	५	०
८	श्री आधारभुत विधालय कुडिया बजार	४	४	२
९	श्री जनता आ.वि.फतुहामहेशपुर	४	४	०
१०	श्री बाल अपांगता आ.वि.राजपुर	४	४	०
११	श्री महिला उत्थान आ.वि.राजपुर	३	३	०
१२	श्री नुनथर आ.वि.बहुअर्वा	१	१	०
१३	श्री महालक्ष्मी आ.वि.बैरिया	१	१	०
१४	श्री आफताब आलम आ.वि.दमार	१	१	०

शिक्षक दरबन्दी अनुसार पदपूर्ति भएको विवरण पेश भए पनि पालिकाले विद्यालयहरूको विद्यार्थी संख्या पेश नभएकोले शिक्षक र विद्यार्थीको अनुपात यकिन हुन सकेन ।

४० **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले संघीय सशर्त चालुको शिक्षा तर्फ गौ.भौ.नं. ६४-२०८१।१०।१८ बाट दिवा खाजाको श्रावण देखि पौष सम्मको रकम भुक्तानी दिदा विद्यार्थीको संख्या र विद्यालय सञ्चालन दिन अनुसार भुक्तानी दिनुपर्ने भन्दा बढि हुने गरी देहायका विद्यालयहरूलाई दिएको रकम सम्बन्धित विद्यालयहरूबाट असुल गर्नुपर्ने रु

विद्यालयको नाम	बढि दिन	दर	बढि भुक्तानी
जनता नमुना मा.वि. राजपुर-५	१८०५	१५	२७०७५
किसान मा.वि. वलुवा-३	१७१४	१५	२५७१०
मा.वि. वैरिया-९	११३०१	१५	१६९५१५
शेख इड्रिस आ.वि. ३	२१८८	१५	३२८२०
महिला उत्थान आ.वि. ४	४४३६	१५	६६५४०
अफताब आलम आ.वि. ४	३७६	१५	५६४०
		जम्मा	३२७३००

असुल गर्नुपर्ने	३,२७,३००

४१ **भाडावर्तन खरिद**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रू. १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ। पालिकाले दिवा खाजा अनुदान शर्षकबाट नियमविपरति विद्यलायमा खाजा सञ्चालन गर्न भाडावर्तन खरिद गर्न निकासा दिएका छन। विद्यालयहरूद्धारा खरिदको प्रमाण पेश नभएको तथा दाखिला समेत नरहेकोले उक्त सामान दिवा खाज प्रयोजनार्थ खरिद भएकोमा यकिन हुन सकेन् साथै संघीय सरकार हस्तान्तरित सशर्त अनुदानको उद्वेश्य विपरित खर्च गरेको नियमसम्मत मान्न सकिदैन।अतः नगरपालिका अन्तर्गत सञ्चालित देहायका विद्यालयहरूले उद्वेश्य विपरित दिवा खाजा सञ्चालन नगरी भाडार्वतन खरिद गरेको खर्च नियमियत गरी खर्चको प्रमाण तथा दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रू

भौ.नं.।मिति	**विद्यालयको नाम**	**रकम**
१७२-०८२।३।२०	जुबेरिया गर्ल्स मर्दसा	२०००००
	मर्दसा खदिजुल कुवरा	२०००००
११४-०८२।२।१२	जनता नमूना मा.वि. राजपुर नपा-५	१५००००
	श्री माध्यमिक विद्यालय बैरिया	२०००००
	श्री किसान माध्यमिक विद्यालय बलुवा	२०००००
	सरस्वती सदन आवि अकोलवा	१५००००
	महिला उत्थान प्रावि	१५००००
	मौलवी आवि पिपरा	१५००००
	आवि फतुहा महेशपुर	१५००००
	आधारभुत विद्यालय कुडिया बजार	१५००००
	जनता आवि फतुहा महेशपुर	१५००००
	नुनथर आवि बहुअर्वा	१५००००
	आफताब आलम आवि दमार	१५००००
	बाल अपाङ्गता प्रावि	१५००००
१५१-०८२।३।१६	शेख इद्रिस प्रावि पोखरिया	२०००००
	महालक्ष्मी आवि बैरिया	१५००००
	जम्मा रकम	**२६५००००**

प्रमाण पेश नगरेको	२६,५०,०००

४२ **छात्रवृत्ति निकासा**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलापन नं. ७.२.१.१ को बुँदा नं. ४.२ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई कक्षा १-५ सम्म दलित तथा छात्रा छात्रवृत्ति प्रति विद्यार्थी रू.४०० का दरले दिने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गत सञ्चालित १४ वटा विद्यालयहरूलाई संघीय सशर्त चालुको भौ.नं. १२६-०८२।३।६ बाट रू.२०,२४,८०० निकासा दिएकोमा स्रेस्ता परीक्षण गर्दा कक्षा १-५ सम्मका विद्यार्थीलाई छात्रवृति दिने व्यवस्था रहेकोमा पालिकाले कक्षा १० सम्मको विद्यार्थीलाई वितरणको भरपाई पेश गरेको र अन्य प्रमाणमा पनि वि.व्य.स. र प्रधानध्यापकको हस्ताक्षर नरहेको अर्थाता प्रमाणित नभएको पाइयो।तसर्थ, कार्यक्रम कार्यान्विनय पुस्तिकाले निर्धारण गरेको भन्दा विपरित कक्षा १० लाई वितरण गरेको छात्रवृतिलाई नियमसम्मत मान्न नसकिएको रू

क्र.सं.	विद्यालयको नाम	अनुदान रकम
1.	श्री जनता (नमूना) मा.वि. राजपुर न.पा.-५, रौतहट	२७०४००
2.	श्री किसान माध्यमिक विद्यालय बलुवा	२८९६००
3.	श्री माध्यमिक विद्यालय बैरिया	३६००००
4.	श्री मौलवी आ.वि.पिपरा	२२२८००
5.	श्री आ.वि. फतुहा महेशपुर	२१२०००
6.	श्री शेख इंद्रिस प्रा.वि. पोखरीया	१२४८००
7.	श्री आधारभूत विद्यालय कुडिया बजार	११२८००
8.	श्री सरस्वती सदन आ.वि. अकोलवा	१११२००
9.	श्री जनता आ.वि. फतुहा महेशपुर	६९६००
10.	श्री बाल अपाङ्गता आ.वि.	१२२०००
11.	श्री महिला उत्थान आ.वि.	३८०००
12.	श्री आ.वि नुनथर बहुअर्वा	३४८००
13.	श्री महालक्ष्मी आ.वि वैरिया	३१२००
14.	श्री आफताब आलम आ.वि.दमार	२५६००
	जम्मा रकम	**२०२४८००**

अनियमित भएको	२०,२४,८००

४३ **सामुदायिक सिकाई केन्द्रलाई अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र जसको वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको, साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरूपमा प्रतिवेदन पेस गरेकोलाई वार्षिक रू.३ लाख अनुदान दिने व्यवस्था छ। उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रू. १०,००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्नुपर्ने र पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले तीनवटा सामुदायिक सिकाई केन्द्रलाई रू.९,००,००० अनुदान निकासा दिएकोमा उल्लेखित कुनै पनि शर्त, सम्झौता, प्रस्तावना र प्रमाण पेश नगरेकोले सिकाइ केनद्रहरू सञ्चालित अवस्थामा रहेको र अनुदानको कार्यान्वयन पुस्तिकाको निर्देशन बमोजिम खर्च भएको यकिन भएन। अतः सम्बन्धितबाट अनुदान रकम असुल गरी संघीय राजस्व दाखिला गर्नुपर्ने रू

भौ.नं.।मिति	सिकाई केन्द्रको नाम	रकम
११२-०८२।२।४	अकोलवा सामुदायिक सिकाइ केन्द्र	३०००००
१६७-०८२।३।२२	राम जानकी सामुदायिक सिकाइ केन्द्र	३०००००
	नवदुर्गा सामुदायिक सिकाइ केन्द्र	३०००००
	जम्मा रकम	**९०००००**

असुल गर्नुपर्ने	९,००,०००

४४ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहहरूबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष २ वटा बर्थिङ्ग सेन्टरको लागि भौ.नं. ५२-२०८१।९।१४ बाट आयांश सर्जिमेड प्रा.लि. (६२११९५२०४) बाट १००० थान न्यानो झोला रु. ८९४.९६ का दरले खरिद गरी रू. ८,९४,९६० भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले खरिद गरेको न्यानो झोलाको पाम्समा दाखिला नगरी म्यानुअल दाखिला गरेको पाइयो। साथै उक्त न्यानो झोला कुन बर्थिङ्ग सेन्टरमा वितरण/हस्तान्तरण गरेको हो प्रमाण पेश भएन। पालिकाले खरिद गरेका झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण समेत गरेको देखिएन। नगरपालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नेतर्फ ध्यान दिनुपर्छ। साथै खरिद गरेका न्यानो झोला वितरण र हस्तान्तरण गरेको सम्बन्धित बर्थिङ्ग सेन्टरमा जिन्सी दाखिला र लगत कट्टाको प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	८,९४,९६०

४५ स्यानेटरी प्याड खरिद

४५.१ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरूका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। नगरपालिकाले यो वर्ष Safety sanitary pad school girl ultra प्रति प्याकेट मू.अ. कर समेत रू.१३२.२१ मा भौ.नं.३९-०८१/७/९ बाट रू.१२,०७,८७१, भौ.नं.९८-०८१।१२।२९ बाट रू.२,००,००० र भौ.नं.१३७-०८२।३।१३ बाट रू.२,९९,९२४ गरी कुल रू.१७,०७,७९५ को ॐ सिमरन इन्टरप्राइजेज (६१३२७२०६१) बाट खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू यस प्रकार रहेका छन्ः

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।
- नगरपालिकाले Safety sanitary pad school girl ultra प्रति प्याकेड ८ पिस भएको स्यानेटरी प्याड मु.अ. कर समेत प्रति प्याकेड रू.१३२.२१ मा खरिद गरेको छ। रौतहट जिल्ला कै माधवनारायण नगरपालिकाले त्यही स्यानेटरी प्याड प्रति प्याकेट रू.७८.१९६ मा खरिद गरेकोमा राजपुर नगरपालिकाले सोझै खरिद गर्दा पालिकालाई प्रति प्याकेड रू.५४.०२ का दरले कुल १२९१७ प्याकेटको रू.६,९७,७७६ बढी व्ययभार परेको छ। पालिकाले प्रचलित खरिद ऐन नियमावलीको प्रक्रियानुसार खरिद कार्यलाई मित्वययी बनाउने तर्फ ध्यान दिनुपर्दछ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं. ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले उल्लेखित रूपमा वितरण नगरी पटक पटक खरिद गरी बिजक पेश

गरेको तर विद्यालयहरूलाई विरतण गरेको प्रमाण पेश गरेको छैन। साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण समेत नगरेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ। साथै पालिकाले सम्बन्धित विद्यालयहरूले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरूलाई वितरण गरेको समेत यकिन गर्नुपर्दछ ।

४५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले नियमानुसार खरिद प्रक्रियालाइ मितव्यी र प्रतिस्पर्धी बनाउनु पर्दछ

४६ औषधि खरिद

४६.१ नगरपालिकाले औषधिजन्य र सर्जिकल सामनाको लागि लागत अनुमान तयार नगरी यो वर्ष विभिन्न सप्लायर्सहरूबाट खरिद गरी भौ.नं.५४-०८१।९।१४ बाट रू.१७,२९,२७५ र भौ.नं.५६-०८१।९।१४ बाट रू.५,७८,०८० गरी रू.२३,०७,३५५ को औषधि सोझै खरिद गरी भुक्तानी गरेकोमा देखिएको अन्य व्यहोराहरू निम्नानुसार छनः

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी माग र आवश्यकतको विश्लेषण बेगर बजेटलाई आधारमानि औषधि खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार माग र स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।
- पालिकाले खरिद गरेको औषधि पाम्स र elmis मा प्रविष्टि गरेको छैन्।औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रूपमा elmis प्रविष्टि गर्नुपदर्छ । पालिकाले पाम्समा समेत दाखिला नगरी म्यानुअल दाखिला गरेको छ। नियमानुसार खरिद सामग्रीको खर्च भएर जाने र नजाने प्रकृतिको हिसाबले अनिवार्य पाम्स दाखिला गर्नुपर्दछ।
- आपूर्ति हुने औषधि WHO/GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO/GMP सर्टिफाइड पेश भएको छैन् ।तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरूको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधिको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधि आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- निःशुल्क वित्तरणको लागि भनी औषधिको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधि एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरूमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

४६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। नगरपालिकाले संघीय सशर्त चालुको आमा सुरक्षा कार्यक्रम शीर्षकबाट गतवर्षको दायित्व बाँकीको प्रमाण बेगर आ.व.२०७९।८० मा केवेलेश्वर मेडि सेल्स (६००२४१८४५) लाई औषधि खरिद वापत ३०८०।२।१६ को बिजक पेश गरी भौ.नं.४६-०८१।८।१० बाट रू.५,९५,५४८ भुक्तानी दिएको छ। यसरी संघीय सशर्त शीर्षकबाट तालुक निकायबाट अनुमति बेगर फरक शीर्षकबाट PAMS र ELMS दाखिला नगरी खर्च लेखेको नियम विपरित भएको रू

अनियमित भएको	५,९५,५४८

४७ स्वास्थ्य चौकी भवन निर्माण

सार्वजनिक खरिद नियमावली,२०६४ को नियममा ९७ (११) बमोजिम उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने र त्यसै मूल्याङ्कनको आधारमा भुक्तानी दिनुपर्दछ। नगरपालिकाले प्रदेश सरकार हस्तान्तरित विशेष अनुदानबाट वडा नं.९ मा स्वास्थ्य भवन निर्माण कार्यको रू.३१,४८,०४६ को कार्यसम्पादन मूल्याङ्कन गरी भौ.नं.१२-०८२।३।१८ बाट स्वास्थ्य चौकी भवन निर्माण उ.स. नपा-९ लाई रू.३०,००,००० भुक्तानी दिएको छ। उक्त योजनाको स्थलगत अनुगमन गर्दा झ्याल, भर्याङ्ग, प्लास्टर, रंगरोगन तथा फ्लोरिङ्गको काम नभएको पाइयो। प्राविधिक भनाई अनुसार लगभग ३०% भन्दा बढी काम बाँकी रहेको देखियो।अतः काम पुरा नभई कार्यसम्पन्न प्रतिवेदन बनाई भुक्तानी दिने प्राविधिकलाई जिम्मेवार बनाई स्वास्थ्य चौकी भवन निर्माण उ.स. नपा-९ बाट बाँकी कार्य सम्पन्न गराएको प्रमाण कागजात पेश गर्नु पर्ने रू.

स्थलगत अनुगमनबाट लिइएका फोटोहरू

प्रमाण पेश नगरेको	३०,००,०००

४८ दोहोरो सुविधा

मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्ने तथा यसै कार्यविधिमा उल्लेखित एकभन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो गर्ने गरी यस किसिमको भत्ता प्राप्त नहुने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा देहायबमोजिमका व्यक्तिहरूलाई सामाजिक सुरक्षा र दीर्घरोगी औषधि उपचार खर्च दुई वटै सुविधा प्रदान गरेको देखिन्छ ।पालिकाले

दोहोरो सुविधा लिइरहेका व्यक्तिहरूको सम्बन्धमा यकिन गरी नियमानुसार कुनै एउटा सुविधा मात्र उपलब्ध गराउनुपर्दछ। नियम विपरीत भुक्तानी गरेको दोहोरो सुविधा असुल गर्नुपर्ने रु

नाम	ना.प्र.प.नं.	वडा	रकम
शेख जाकिर	७६३११८९१	४	६००००
रसीद अंसारी	८९४९/७६३१२२७५	३	६००००
रसिद खाँ	१७०२/८२२७	६	६००००
जम्मा			१८००००

असुल गर्नुपर्ने	१,८०,०००

४९ **डमारदेखि राजपुर न.पा. सिवानसम्म सडक कालोपत्रे**

फाइल पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले डमारदेखि राजपुर न.पा. सिवानसम्म सडक कालोपत्रेको लागि चण्डिदेवी निर्माण सेवा (६०१९८००३१) लाई ठेक्का नं.१/२०८१/०८२ को कार्यसम्पन्न रू.१,२२,५४,४१४ को मूल्याङ्कन गरी भुक्तानी भएकोमा लेखापरीक्षणमा ठेक्का फाईल पेश नभएकोले थप विश्लेषण गर्ने सक्ने अवस्था रहेन। ठेक्का फाइल पेश नभएकोले लागत अनुमान स्वीकृति, मूल्यांकन, पेश्की बाँकीको अवस्था, म्याद थप लगायतका सेस्ता कागजातको विश्लेषण गर्न सकेको छैन।

सोधभर्ना प्रमाण पेश गर्नुपर्नेः समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को बुँदा नं. ९(२) अनुसार नेपाल सरकारले समपूरक अनुदानको रूपमा योजना लागतको अधिकतम पचास प्रतिशत प्रदान गर्न सक्ने उल्लेख छ। नगरपालिकाले डमारदेखि राजपुर न.पा. सिवानसम्म सडक कालोपत्रेको लागि चण्डिदेवी निर्माण सेवा (६०१९८००३१) लाई ठेक्का नं.१/२०८१/०८२ को कार्यसम्पन्न मूल्याङ्कन रू.१,२२,५४,४१४ को नियमानुसार ५०% ले हुन आउने रू.६१,२७,२०७ भुक्तानी दिनुपर्नेमा भौ.नं.२६-०८१।११।२३ बाट रू.१,१०,००,००० भुक्तानी दिएकोले बढी भुक्तानी रू.४८,७२,७९३ संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू

सोधभर्ना नलिएको	४८,७२,७९३

५० **घटी कर दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले हरेन्द्र कुमार साहले सञ्चालन गरेको वास प्लान कार्यक्रममा कानून बमोजिम कट्टा गरी दाखिला गर्नुपर्ने कर रु.१३५६१।- मध्ये जम्मा रु.७५००।- मात्र दाखिला गरेको प्रमाण पेश गरेको आधारमा भुक्तानी दिएकोले बाकी रकम रु.६०६१।- सम्बन्धित कर्मचारीले दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,०६१

५१ **विद्युतीय कृषि पोल तार जडान (प्रदेश सशर्त अनुदान)**

नगरपालिकाले वडा नं. १ देखि ९ सम्म विद्युतीय कृषि तार पोल विस्तारको लागि रू.९२,६२,५०० को लागत अनुमान तयार गरी ठेक्का नं. Rajpur/mun/NCB/works/02/2081/082 को मिति २०८१।११।१८ सिटी पोष्ट राष्ट्रिय दैनिकमा हार्डकपीको माध्यमबाट सूचना आह्वान गरेकोमा आलम कन्सट्रक्सन (१४६२९५३३९) राजपुर वडा-४ ले ०.६५% Below रू.९२,०२,००० मा कबोल गरेको छ। पालिकाले प्रदेश पूँजीगतको भौ.नं.३-०८२।२।५ बाट भुक्तानी दिएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छन

५१.१

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ (१) अनुसार बीस लाख भन्दा बढीको लागत अनुमान भएका निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, त्यस्तै विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका,२०८० को नियम ५ (१) अनुसार सार्वजनिक नियकायले खुल्ला बोलपत्र माध्यमबाट मालसमान खरिद गर्दा अनिवार्य रूपमा विद्युतीय प्रणालिको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उल्लेखित नियम विपरित प्रतिस्पर्धालाई सिमित पार्ने गरी हार्डकपीको माध्यमबाट बोलपत्र आह्वान गरी खरिद गरेको छ । खरिद कार्यलाइ प्रतिस्पर्धी र पारदर्शी बनाउनु पर्दछ ।

५१.२ **लागत अनुमानको त्रुटिले बढि व्ययभार परेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उल्लिखित कानुनी व्यवस्था अनुसार रौतहट जिल्ला दररेट निर्धारण समितिले विद्युतीय पोलको जिल्लादररेट निर्धारण गरेको छ। पालिकाले प्रदेश सरकार हस्तान्तरित सशर्त अनुदानको सार्वजनिक निर्माण सुधार कार्यक्रम अन्तर्गत कृषि विद्युतीय पोल र तार जडानको लागि ११ मिटर र ९ मिटर पोलको दर जिल्ला दररेट भन्दा बढी राखी लागत अनुमान तयार गरेको छ। यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा पोल खरिद कार्यमा मात्र रू.१०,६१,५२५ बढि व्ययभार परेको देखियो। यसरी लागत अनुमान तयारी तथा स्वीकृत गर्ने प्राविधिकलाई जिम्मेवार बनाई बढी भुक्तानी रकम असुल गर्नुपर्ने रू

क्र.सं.	**पोलको विवरण**	**खरिद संख्या**	**जिल्ला दररेट**	**लागत अनुमान दर**	**बढी व्ययभार मू.अ. कर समेत**
१	११ मिटर	२४	११७३७.९० (सर्लाही जिल्ला दर अनुसार)	२१९४०	२७६६८०
२	९ मिटर	१४३	९१५५ ढुवानी समेत	१२७००	५७२८३६
	जम्मा रकम				**८४९५१६**
	०.६५ प्रतिशत घटि कबोललाई आधार मान्दा जम्मा बढी व्ययभार				**८४३९९५**

असुल गर्नुपर्ने	८,४३,९९५

५२ **तराई मधेश समृद्धि कार्यक्रम**

तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत देहायका योजनाहरूमा ७०% संघीय बजेट र ३०% पालिकाले व्यहोर्ने गरी सम्झौतानुसारको पालिकाको साझेदारी भएको नभएको पाइयो।तसर्थ, देहायका योजनाहरूमा सम्झौता विपरित संघबाट ७०% भन्दा बढी भुक्तानी रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू

भौ.नं.।मिति	**योजना/उ.स.को नाम**	**कार्यसम्पन्न मूल्याङ्कन**	**७०% ले संघीय अनुपात**	**संघबाट भुक्तानी**	**बढी भुक्तानी**
१५-०८१।११।४	गोट गाउको मठ देखि पूर्व विश्वनाथको घर हुदै हुलाकी राजमार्गसम्म पि.सि.सि.ढलान उ.स. राजपुर न.पा.२, रौतहट	३१९९३८०	२२३९५६६	२५०००००	२६०४३४
१७-०८१।११।४	शेख हफिजको घर देखि नन्दु साहको मिलसम्म पि.सि.सि. ढलान उ.स. राजपुर न.पा.२, रौतहट	३०८१४०३	२१५६९८२	२५०००००	३४३०१८
२४-०८१।११।४	गढ़वा टोल नागेन्द्र ठाकुरको घर देखि शंकर भगतको घरसम्म सडक स्तरोन्नति कार्य उ.स. राजपुर न.पा.२, रौतहट	३७५००४३	२६२५०३०	२८५५९२५	२३०८९५
३१-०८२।२।५	फतुहा गोटमा सामुदायिक भवन निर्माण उ.स. राजपुर न.पा. २, रौतहट	३०२२३४२	२११५६३९	२५०००००	३८४३६१
	जम्मा बढी भुक्तानी				**१२१८७०८**

सोधभर्ना नलिएको	१२,१८,७०८

५३ **गत आ.व. को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। नगरपालिकाले भुक्तानी दिन बाँकीको अभिलेख, माग फारम र सभाबाट बजेट विनियोजन तथा निर्णय बेगर यो वर्ष गत विगतका दायित्व भनी दिएको भुक्तानीका सम्बन्धमा खर्च गरेको नियमसम्मत नभएको रू

भौ.नं.।मिति	**भुक्तानी पाउनेको नाम**	**रकम**	**वापत**	**कैफियत**
२६२-०८२।३।१०	उत्कर्ष मोटर प्रा.लि. गौर-८	९८४७३९	गाडि मर्मत	नगरपालिका चालु शीर्षकबाट
२७-०८१।७।७	हेमा पब्लिकेशन	९९४६९३	प्रश्नपत्र छपाइ	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०८०।८१
३१-०८१।७।७	माँ बैष्णवी जेनरल अर्डर सप्लायर्स	९९९५६९	परीक्षा उत्तरपुस्तिका छपाई	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०७९।८०
१४३-०८२।२।५	श्री स्टेश्नरी स्टोर	९९४५९३	प्रश्नपत्र छपाई	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०७९।८०
३३-०८१।७।७	आयांश सर्जिमेड प्रा.लि.	९९९६७०	औषधि खरिद	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०८०।८१
४०-०८१।८।१०	राजदेवी इन्टरप्राइजेज	८६४४५	पिपिसी सिमेन्ट	नगरपालिका चालुबाट आर्थिक वर्ष ०८०।८१
३८-०८१।८।१०	विकास अटो पार्टस् एण्ड मेशिनरी सप्लायर्स	५१४८९७	गाडि मर्मत	नगरपालिका चालुबाट आर्थिक वर्ष ०८०।८१
१४५-०८२।२।५	शंकर प्रेस	३९७६००	स्टेशनरी सामान	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०७९।८० र ०८०।८१ को बाँकी
१३९-०८२।२।५	संझना जेनरल सप्लायर्स	९९४५९३	उतरपुस्तिका तयारी	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०७९।८०
१०२-०८१।११।२५	राधा कृष्ण ट्रेडर्स एण्ड सप्लायर्स	७६६४२२	एक्सट्रा उतरपुस्तिका तथा मसलन्द सामान	नगरपालिका पूँजिबाट आर्थिक वर्ष ०८०।८१
१७८-०८१।११।२८	ओम साँई जेनरल एण्ड अर्डर सप्लयार्स	९९८६४०	मसलन्द सामग्री	नगरपालिका चालुबाट आर्थिक वर्ष ०८०।८१
	जम्मा	**८७३१८६१**		

अनियमित भएको	८७,३१,८६१

५४ **सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण र खेलकुद सामग्री वितरण कार्यक्रम**

५४.१ ९८ २०८१।११।२२ सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण र खेलकुद सामग्री वितरण कार्यक्रम सञ्चालको वील भरपाई अनुसार कम्प्यटर अपरेटर हरेन्द्र कुमार साहलाई रू. ९ लाख भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । सार्वजनिक सुनुवाई वापत ५ वटा

कार्यक्रमको खर्च दावी गरेको छ । सम्लग्न कागजात अनुसार २०८१।११।१ र २ गतेको दिन क्रमश २९४ र १६३ जना उपस्थिति पेश गरेको छ । सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रममा सञ्चालन खर्चको तेरिज अनुसार ५ दिनको खर्च ५००२५०।– दावी गरेको छ । पेश गरेको उपस्थिति अनुसार २ दिन मात्र कार्यक्रम सञ्चालन भएको देखिएकोले २ दिनको २००१००।– मात्र खर्च लाग्नेमा बढी भुक्तानी भएको रू. ३००१५०।– असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	३,००,१५०

५४.२ आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी सम्पती खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरेर मात्र खर्च लेख्ने व्यवस्था रहेको छ । माँ मनकामना ट्रेड कन्सर्न एण्ड सप्लायर्सको विजक नं. ७५ मिति २०८१।११।१५ को वीजकबाट क्रिकेट सामग्री (९ सेट) रू. ४ लाख मा खरिद भएको छ । उक्त खरिदको आधारमा रू. ४ लाख हरेन्द्र कुमार साहलाई भुक्तानी गरेको छ । यसरी खरिद गर्दा माग फारम, खरिद आदेश र दाखिला समेत गरेको पाइएन । खरिद गरेका खेलकुद सामग्री उपयोग गरेको प्रमाण काजात समेत पेश पेश गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	४,००,०००

५५ **बढी भुक्तानी** (86-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । सामाजिक विकास कार्यक्रमबाट १, २,३, ५, ६ वडा र पञ्जिकरण शाखाको बाल बिवाह कार्यक्रमको रकम रू. २५९५६८४।– भुक्तानी गर्दा बील भर्पाई पेश गरेको छैन । भौचरसाथ पेश भएको कागजात अनुसार रू. ७ लाख पेश्की कट्टी गर्नु पर्ने उल्लेख छ । उक्त पेश्की कट्टा गरी रू. १८४५६८४ भुक्तानी गर्नु पर्नेमा रू. २२१०४०० भुक्तानी गरेको छ । बढी भुक्तानी गरेको रू. ३६४७१६ असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	३,६४,७१६

५६ **विद्युत महसुल** (158-2082-02-13):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । कृषि मिटर महसुल सिचाईको लागि बोरिङ्ग मोटर खरिद तथा जडान शीर्षकबाट विद्युत महसुल बापत नेपाल विद्युत प्राधिकरणलाई रू. ६९२८२२.९१ गरेको छ । यसरी भुक्तानी दिदा नेपाल विद्युत प्राधिकरणले जारी गरेको विजक वेगर खर्च लेखेकोले खर्चको वास्तविकता यकीन गर्न सक्ने अवस्था छैन । नेपाल विद्युत प्राधिकरणबाट जारी भएको भुक्तानी रकम वारावरको विद्युत महसुलको बीजक पेश हुनु पर्ने रू

प्रमाण पेश नगरेको	६,९२,८२३

५७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ८४८९०००।– मध्येबाट विभिन्न कार्यमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ५०१००००।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १५२५ जनाले निवेदन दिएकामा जम्मा २९० जना छनोट भएको प्रतिवेदन पालिकाले तयार गरेको छ । पालिकका ९ वटा वडा मध्ये ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा ११६ जनालाई दैनिक ६६८ को दरले अधिकतम ९० दिन रोजगारी दिएको पाइयो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।

५८ **जनप्रतिनिधिको बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ। सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। पालिकाले आर्थिक वर्ष २०८०।८१ को बाँकी वडास्तरीय बैठक भत्ता देहायका जनप्रतिनिधिहरूलाई भौ.नं.१२१-०८१।९।२६ बाट १५% करट्टि गरेर रू.१३,२६,००० भुक्तानी दिएको छ। पालिकाले माथि उल्लेखित नियम विपरित दिएको भुक्तानीलाई अनियमित देखिएको रू.

क्र सं	नाम	पद	रकम
1.	शेख अमरुल्लाह	वडा अध्यक्ष	२५,५००
2.	शेख समसैद	वडा सदस्य	२५,५००
3.	उमनाथ साह	वडा सदस्य	२५,५००
4.	तेतरी देवी	वडा सदस्य	२५,५००
5.	सरस्वती देवी	वडा सदस्य	२५,५००
6.	मनभक्त राय	वडा सचिव	२५,५००
7.	सोनालाल पंडित	वडा अध्यक्ष	२५,५००
8.	विनोद प्र. गुप्ता	वडा सदस्य	२५,५००
9.	सदाम हुसैन	वडा सदस्य	२५,५००
10.	सुमारी देवी	वडा सदस्य	२५,५००
11.	शान्ति देवी चमैन	वडा सदस्य	२५,५००
12.	मो. समिउल्लाह	वडा सचिव	२५,५००
13.	शेख हसिन अख्तर	वडा अध्यक्ष	२५,५००
14.	मजरुल हजाम	वडा सदस्य	२५,५००
15.	सदरुन नेसा	वडा सदस्य	२५,५००
16.	तेतरी धोविन	वडा सदस्य	२५,५००
17.	शेख कदिर	वडा सदस्य	२५,५००
18.	महाशंकर राय	वडा सचिव	२५,५००
19.	शेख अन्सारुल हक	वडा अध्यक्ष	२५,५००
20.	श्रीमती जयकली	वडा सदस्य	२५,५००
21.	श्रीमती सलिमा	वडा सदस्य	२५,५००
22.	शेख बच्चु	वडा सदस्य	२५,५००
23.	सतेन्द्र कुमार झा	वडा सचिव	२५,५००
24.	कृष्णननन्दन राम	वडा अध्यक्ष	२५,५००
25.	मुकेश साह बनिया	वडा सदस्य	२५,५००
26.	उपिन्द्र साह तेली	वडा सदस्य	२५,५००
27.	मनतोखा देवी	वडा सदस्य	२५,५००
28.	रामकली देवी	वडा सदस्य	२५,५००
29.	जयमंगल महतो	वडा सचिव	२५,५००
30.	क्यामुदिन धुनिया	वडा सदस्य	२५,५००
31.	शेख अब्दुल उमैर	वडा सदस्य	२५,५००
32.	रहिमा खातुन	वडा अध्यक्ष	२५,५००

33.	प्रमशिला देवी धोविन	वडा सदस्य	२५,५००
34.	सतेन्द्र कुमार झा	वडा सचिव	२५,५००
35.	इन्ताज हुसैन	वडा अध्यक्ष	२५,५००
36.	शेख जमसैद	वडा सदस्य	२५,५००
37.	विरा महतो	वडा सदस्य	२५,५००
38.	नसिमा सेखिन	वडा सदस्य	२५,५००
39.	श्रीपति देवी	वडा सदस्य	२५,५००
40.	मो तारिक अनवर	वडा सचिव	२५,५००
41.	शेख सोयब	वडा अध्यक्ष	२५,५००
42.	शेख मैनुदिन	वडा सदस्य	२५,५००
43.	शेख मोवारख	वडा सदस्य	२५,५००
44.	अजिबुन खातुन	वडा सदस्य	२५,५००
45.	लिलावती कुमारी देवी	वडा सदस्य	२५,५००
46.	मो. कौशर आलम	वडा सचिव	२५,५००
47.	शेख नसरुल हक	वडा अध्यक्ष	२५,५००
48.	राज किशोर सहनी	वडा सदस्य	२५,५००
49.	जहरूल वोस्ता	वडा सदस्य	२५,५००
50.	सुमित्रा देवी धोविन	वडा सदस्य	२५,५००
51.	मरियम खातुन	वडा सदस्य	२५,५००
52.	मो. मुस्ताफा	वडा सचिव	२५,५००
जम्मा			**१३,२६,०००**

अनियमित भएको	१३,२६,०००

५९ **क्षमता विकास कार्यक्रम**

क्षमता विकास कार्यक्रमपालिकाले शक्ति सुशासनका लागि संस्थागत क्षमता विकास कार्यक्रमका लागि को भौ.नं.९८-०८१।१२।२९ बाट रू.२,९०,००० शिक्षा शाखा प्रमुख एजाजुल हक खाँलाई भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा संस्था मार्फत कार्यक्रम गराएको बिजक राखी निजले आफ्नो नाममा भुक्तानी लिएको देखिन्छ। साथै प्रमाणको रूपमा भत्ता बुझेको भरपाई, कार्यक्रमसँग असम्बन्धित खाजा बिजक पेश गरेको छ। अतः कार्यक्रमको उद्देश्य बमोजिम खर्च प्रमाण पेश नभएकोले कार्यविधिको बमोजिम खर्च भएको प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	२,९०,०००

६० **१५ शैया अस्पताल**

ठेक्का नं. १।०७९/८० अन्तर्गत कुल लागत अनुमान रू. २३२६३३७५९.२६ राजपुरमा १५ वेडको अस्पताल निर्माण गर्न चण्डीदेवी मुन्ना जे.भी. सँग २०८२।८।८ भित्र कार्यसम्पन्न गर्ने गरी रू. २३२६१५५९.३६ मा सम्झौता भएको छ । यस वर्ष सातौ रनिङसम्ममा कुल रू. २१८३२९५५५।५६ भुक्तानी भएको छ । आ.व. २०८१।८२ मा पाचौं, छैटौ र सातौं वीलबाट रू. २१४०००००।– पेश्की

कट्टा गरी रू. ७६९६७७८०।– भुक्तानी भएको छ । ठेक्का फाइल पेश नभएकोले लागत अनुमान स्वीकृति, मूल्यांकन, पेश्की बाँकीको अवस्था, म्याद थप लगायतका सेस्ता कागजातको विश्लेषण गर्न सकिएन । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाई सहितको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने/नपर्ने खुलाएर लागत अनुमानमा भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत वेगर निम्नानुसारको आईटमहरूमा सम्झौता भन्दा बढी भुक्तानी गरेको रकमको आधार, प्रमाण र कारण खुलाउनु पर्ने रु

आइटम नं.	विवरण	BOQ परिमाण	पाँचौ वीलको परिमाण	सातौ वीलमा घटाएको	बढी परिमाण	दर	बढी भुक्तानी
६	Earthwork in excavation of ordinary soil in foundation trenches of pits raft etc. including 10 a lead and 1.5 m lift as per drawing and specification all complete.	२४७८.२७	५७२२.९९	२६८२.३४	५६२.३८	२५०	१४०५९५.
७	Earthwork in filling in floor in perfect line and level with materials from associated excavation including well compaction in 150 mm layers with sprikling water required to obtain 90%, density as per drawing, specification and approval of engineer	१४५४.२३	६०७०.४५	१५९१.३९	३०२४.८३	१०००	३०२४८३०.
८	Dry brick soling in foundation and floors with first class chinney made bricks in true line & level including watering and ramming all complete as per drawing, specification & instruction of engineer.	१५७६.३	२०३२.४६	१३.८	४४२.३६	८००	३५३८८८.
१०	a) P.CC work with 13.6 cementsand concreting	११८.२२	१५४.४९	३.१	३३.१७	११०००	३६४८७०.
१३	b)R.C.C. work for P.C.C. with M25 (11.2) concreting	३३८.२९	४७५.५१	५८.५८	७८.६४	१४००००	११००९६००
१६	Providing & laying First class chimney made brick masonry work above Ground level with 1:4 cement sand mortar (1 cement 4 sand) including lead upto 30 m curing, cleaning & racking out mortar joint and making ducts, recesses where required as per drawing, specifcation and instruction all complete.	२४८.१५	३३८.५८	२०.०९	७०.३४	१५०००	१०५५१००
१९	Providing and laying 125 mm thick cemern plaster over concrete surface with 1:4 cement sand mortar in perfect line & level including scaffolding, curing, etc. all complete as per drawing, specification & instruction	९७७०.०२	१११८५	५२७.७६	८८७.२२	४००	३५४८८८
२०	2mm white wall putty on ceiling and wall as per drawing,specification & instruction	१२७१७.७६	१४३३४.३५	७३१.७४	८८४.८५	४००	३५३९४०.
							१६६५७७११
						प्रमाण पेश नगरेको	१,६६,५७,७११

६१ **जडान नभएको** (१३३-2082-02-04):

प्रस्तुत विषयमा आ.व. २०८१/०८२ मा पालिका अन्तर्गत खानेपानी पाईप आपूर्ति कार्य सम्पन्न समेत भईसकेकोले उक्त योजनाको भुक्तानीका लागि यस कार्यालयमा पेश भएका अन्तिम प्राविधिक बिल, कागजात अनुसार श्री धरहरा कन्स्ट्रक्शन एण्ड सप्लायर्स, कटहरीया-५, रौतहटलाई वील बमोजिमको ९३७६६१।– भुक्तानी गरेको छ । यसरी खरिद भएको पाइप दाखिला गरेको तथा जडान गरेको प्रमाण स्रेस्तासाथ समावेश गरेको छैन ।यसरी खरिद भएका निर्माण सामग्री आगामी वर्षको कार्यक्रमा समावेश गरी खर्च गरेको पुष्ट्याई पेश गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	९,३७,६६१

६२ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६३ को नियम नियम ८५ मा रु.१० लाख लागत अनुमान भएको निर्माण कार्य कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवम् एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु. १०३५३५८८ हजारको सोझै खरिद गरेको देखियो ।यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

भौ.नं. मिति	शीर्षक	वापत	भुक्तानी पाउने	भुक्तानी रकम
३७-२०८१।७।७	गत विगत वर्षको योजना /कार्यक्रम / अन्य बाँकी रकम भुक्तानी	आ.व.२०८०.०८१ मा नगर स्तरीय राजपुर न.पा.८ र ९ मा सडकहरू मर्मत कार्य गरे वापत	अमन निर्माण सेवा राजपुर न.पा.३,रौतहट	९९२७६२
३९-२०८१।७।७	गत विगत वर्षको योजना /कार्यक्रम / अन्य बाँकी रकम भुक्तानी	आ.व.२०८०.०८१ मा नगर स्तरीय राजपुर न.पा. अन्तर्गतका विभिन्न सडकहरू मर्मत	आलम कन्सट्रकसन राजपुर न.पा.४,रौतहट	९९६६६०
४८-२०८१।७।७	„	आ.व.२०८०.०८१ मा वडा स्तरीय वडा न.८ विधुत पोल तार जडान कार्य वापत	श्री राम निर्माण सेवा ईशनाथ न.पा.९,रौतहट	९९८०३५
५०-२०८१।७।७	„	आ.व.२०८०.०८१ मा वडा स्तरीय वडा न.८ विधुत पोल तार जडान कार्य वापत	त्रिलोक निर्माण सेवा गरुडा न.पा.१,रौतहट	९९८०३५
७२-२०८१।११।६	„	माटोपुरी ग्रेभ्हल कार्य	मो.ईसलाम कन्सट्रकसन गौर न.पा.९,सिर्सिया,रौतहट	८६३९३२
११४-२०८१।१।२५	वडा भरी सडक पोल बत्ति जडान	न.पा.को वडा न.१ देखि ९ सम्मको पोलमा तार, एल.ई.डी.बलब, स्विच,कनेक्टर आदि ईलेक्ट्रोनिक्स सामग्री आपूर्ति	मां दुर्गा ईलेकट्रीक पसल	९०५३२२
१२१-२०८२।२।१	सार्वजनिक निर्माण तथा पुजीगत मर्मत सुधार कार्यक्रम	राजपुर न.पा १ अन्तर्गत संचालित स्वास्थ्य चौकीको अधुरो भवन निर्माण कार्य	अमन निर्माण सेवा पिप्रा भगवानपुर-६,रौतहट	८७०७४१
१२३-२०८२।२।१	„	स्वास्थ्य चौकी अधुरो भवन वडा नं. २	सिद्धबाबा निर्माण सेवा	७४२७७६
१३०-२०८२।२।१	„	अधुरो मस्जित भवन निर्माण वडा नं. २	अलाम कन्ष्ट्रक्सन	९९८६८४
१६२-२०८२।२।१३	गत बिगत वर्षको भुक्तानी दिन बाँकी	नगर स्तरीय अधुरो प्रशासकीय भवन निर्माण राजपुर	आर.पि.एस. कन्स्ट्रक्सन	९९५६४३
१६४-२०८२।२।१३	„	अधुरो प्रशासकीय भवन निर्माण राजपुर न.पा.४	चन्दन निर्माण सेवा	९९०९९८

६३ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले आ.व २०८१/८२ मा कन्टिन्जेन्सी कट्टा गरेको रकम रखर्च रकमको अभिलेख नराखेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सक्ने अवस्था छैन । कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्दछ ।

६४ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६५ उपभोक्ता समिति मार्फत कार्य

६५.१ खर्च सार्वजनीकरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पसपूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

६५.२ निर्माण व्यवसायीबाट काम गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी रू. १ करोड ३१ हजारको सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ रू. ६८ लाख ९० हजारको निर्माण व्यवसायीहरूको विल पेश गरेको देखियो । नगरपालिकाबाट भुक्तानी समपुरक तर्फको रू. ७८ लाख ५६ हजार नगरपालिका पूँजीगतबाट रू. १६ लाख ७३ हजार भुक्तानी गरेको छ । यसका केही उदाहरण देहाय अनुसार छन्

गो. भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	निर्माण व्यसायी	मूल्यांकन	निर्माण व्यवसायीको वील	उ.स.को अंश	भुक्तानी
१५–२०८१।११।४	गोट गाउको मठ देखि पूर्व विश्वनाथको घर हुदै हुलाकी राजमार्गसम्म पि.सि.सि.ढलान उ.स.राजपुर न.पा.२,रौतहट	मो.इसलाम कन्ट्रक्सन	३१९९३७९.८६	१९८०३०२.४०	१५९९६८.९९	२५०००००
१७–२०८१।११।४	शेख हफिजको घर देखि नन्दु साहको मिलसम्म पि.सि.सि.ढलान उ.स.राजपुर न.पा.२,रौतहट	मो.इसलाम कन्ट्रक्सन	३०८१४०३	१९६६५५०.३०	१५४०७०.१८	२५०००००
२४–२०८१।११।४	गढवा टोल नागेन्द्र ठाकुरको घर देखि शंकर भगतको घर सम्म सडक स्तरोन्नति कार्य उ.स.राजपुर न.पा.२,रौतहट	मो.इसलाम कन्ट्रक्सन	३७५००४२.७३	२९४२९४९.४०	१८७४६७.१४	२८५५९२५

६५.३ (152-2082-02-11):
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । आ.व.२०८१/०८२ मा १ नं. वडा कार्यालयको च.नं.१०५० मिति २०८१/१२/३१ गतेको प्राप्त सिफारिस अनुसार राजपुर नगरपालिका वडा नं.१ अन्तर्गत संचालित श्री नुनथर प्रा.वि. बहुअर्वा, रौतहटलाई वडा स्तरीय बजेट शिलिङ्गबाट रु.७,००,०००। मात्र कट्टा हुने गरी विद्यालय शैक्षिक सुधार तथा व्यवस्थापनका कार्यका लागि अनुदान स्वरुप श्री नुनथर प्रा.वि. बहुअर्वालाई भुक्तानी गरेको छ । तोकिएको कार्य सम्पन्न गरेको प्रमाण कागजात बेगर बजेट खर्च लेखेको छ । कार्यक्रमको उद्वेश्य अनुसार खर्चको वील भर्पाई पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	७,००,०००

६६ आन्तरिक आय

६६.१ कर दस्तुर एवं आन्तरिक आय
आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ५ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा

आर्थिक वर्ष २०८१।८२ मा रु. ४६ लाख ८२ हजार अर्थात अनुमान भन्दा ५५.६१ प्रतिशत कम आय प्राप्त गरेको छ ।

६६.२ आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५१,६४,३२,३७१.५१	४६,८२,६४६.६८	०.९१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६६.३ राजस्व परामर्श समितिः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व परामर्श को लागि एक स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजस्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजस्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजस्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरू उल्लेख छ। राजस्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजस्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाटवजार पसल सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल विरौटी शुल्क लगाउन सक्ने व्यवस्था गरेकोमा पालिकाबाट यस वर्ष एउटा पनि आय समाबेस गरेको छैन ।अन्य क्षेत्रको आय, घर सटर बहाल, अन्य सार्वजनिक स्थानहरूको आन्तरिक आय ठेक्का लगाई आन्तरिक अयमा वृद्धि गर्न सकेको देखिएन । अतः नियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धि गर्न प्रभावकारी रूपमा कार्य सम्पादन गर्नुपर्दछ।

६६.४ घटी दाखिला : नगरपालिकाको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका वडामा संकलन भएको राजस्व नियमानुसार दाखिला गर्नुपर्ने भन्दा घटी रू. १३०९६२ र तोकिएको समयमा दाखिला नगरेकोले जरिवाना रू. १३०९६ समेत रू.१४४०५८ दाखिला हुनुपर्ने रु

वडा	**असुली रकम**	**दाखिला भएको रकम**	**दाखिला गर्न बाँकी रु**	**जरिवाना**	**जम्मा**
वडा २ (मो. समिउल्लाह)	१५२४१०	१०६८४५	४५५६५	४५५६	५०१२१
वडा ९ (शेख मुस्ताफा)	१७७३११	९१९१४	८५३९७	८५४०	९३९३७
जम्मा	४६८२६४७	४५५१६८५	१३०९६२	१३०९६	१४४०५८

असुल गर्नुपर्ने	१,४४,०५८

६६.५ ढुंगा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १८ अनुसार नदी जन्य पदार्थ ठेक्का लिने व्यवसायी अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य सम्पन्न गरे पश्चात उपभोक्ता समितिले पेश गरेको मू.अ.कर लाग्ने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल जस्ता निर्माण सामग्री व्यक्ति मार्फत भर्पाइको आधार खरिद गरेको कागजात पेश गर्ने गरेको पाइयो । रौतहट जिल्लाका स्थानीय तहहरूले नदीजन्य पदार्थको उत्खनन गरी विक्री गर्ने प्रयोजनको लागि विभिन्न स्थानीय तहहरूले ढुंगा, गिट्टी, बालुवा उत्खननको ठेक्का लगाएको अवस्थामा समेत व्यक्ति मार्फत यस्ता निर्माण सामग्री उपभोक्ता समितिले खरिद गरी भर्पाइ पेश गरेकोले राजस्व समेत चुहावट भएको छ । मू.अ.करमा दर्ता नभएका व्यक्तिबाट कर विजक वेगर निर्माण सामग्री खरिद गर्दा चोरी निकासी समेत बढ्ने हुँदा यस्तो कार्यलाई नियन्त्रण गर्नु पर्दछ । व्यक्तिबाट ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य बस्तु खरिद गरी भर्पाइ पेश गरेको उदाहरण देहाय अनुसार छन्

भौ.नं. मिति	उपभोक्ता समिति	भुक्तानी	विक्रेता	निर्माण सामग्री	मूल्य
२—२०८१।६।१	फतुहा पुलको पश्चिम तर्फको बाँध बलुवा सिमानासम्म बाँध मर्मत उ.स.राजपुर न.पा.३,रौतहट	७२२८८२६	चित्रंजन साह	ग्राभेल, माटो	८५६७००
			अजिजु रहमान	„	८५६७००
			सकिना नेसा	„	८५६७००
			सहना खातुन	„	८५६७००
			सलमा शेखिन	„	८५६७००
			रावती देवी	„	८५६७००
			शेख महमद रेजा	„	८५६७००
			धन बहादुर साह	„	८५६७००
			तारादेवी गोदी	„	८५६७००
९-२०८१।६।१	राजपुर न.पा.३ मा विभिन्न सडक मर्मत तथा निर्माण कार्य उ.स.राजपुर नगरपालिका,रौतहट	१६१३९१८	शेख इन्ताज अलाम	माटो	२६२५००
			शेख मोखतार	माटो	२०६२५०
			शेख अनिसुर रहमान	ग्राभेल	६६००००
			„	माटो	६८७५००
४१-२०८१।७।७	शेख सेराजुलको घर देखी पश्चिम बाँधसम्म माटोपुरी ग्रेभल तथा हयुम पाईप जडान गर्ने कार्य उ.स.राजपुर न.पा.१	१४८८६६६	शेख अजिमुर रहमान	ग्राभेल, माटो	१३५२१००
१००-२०८१।११।२३	हुलाकी राजमार्ग देखि पश्चिम डमार चौकको विचमा टुटेको मूल सडकमा खाल्टो माटो पुर्ने कार्य उ.स.	२५८००००	शेख मोमताज	माटो	७६५०००
			चित्रंजन साह	माटो	७६५०००
			सकिना नेशा	मटो	७६५०००
			शेख वगु	माटो	७६५०००
			अंगरी वेगम	माटो	७६५०००
			शेख हविवुरहमान	माटो	७६५०००

६६.६ कर तथा शुल्क असुली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।ति अय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	शीर्षक	प्रस्तावित आय	वास्तविक आय
१	११३१३ - सम्पत्ति कर	०	३३५
२	११३१४ - भूमिकर/ मालपोत	१५०००००	९५११५.५८
३	११३१७ - वहाल कर	३५००००	७१४२०.६०
४	११३१८ - वहाल विटौरी कर	५१०००००	२१०००००
५	१४२१८ — विधुत सेवा शुल्क	०	५००
६	११६९१ - अन्य कर	०	३९९००
७	१४२२१ - न्यायिक दस्तूर	०	११५
८	१४२४२ - नक्सापास दस्तुर	०	१२१०
९	१४२४३ - सिफारिश दस्तुर	०	४५१२२
१०	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	५४१४६५
११	१४२४५ - नाता प्रमाणित दस्तुर	०	२२००
१२	१४२४९ - अन्य दस्तुर	१२०००००	२१४०५
१३	१४२६२ - विद्युत सम्बन्धी दस्तुर	०	१०५०
१४	१४५२९ - अन्य राजस्व	२००००००	१७६२८०८.५०
जम्मा		१०५५००००	४६८२६४६.६८

माथि उल्लेखित अनुमानित आय र वास्तविक आयको तुलना गर्दा लक्ष्यको तुलनामा ४४.३८ प्रतिशत मात्र असुल भएको छ। पालिकाले अनुमानित आय बमोजिम राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमान यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

उद्योग व्यवसायीहरूको लगत: पालिका भित्र के कति संख्यामा उद्योग व्यवसायहरू सञ्चालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र सञ्चालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरू र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग व्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजस्व संकलन गर्नुपर्ने देखिन्छ।

व्यबसाय कर : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यबसाय कर सङ्कलन गरेको देखिदैन र पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख पनि अध्यावधिक गरेको छैन्।उद्योग व्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका व्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी व्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

घर जग्गा बहाल करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले बहाल कर बापत यस वर्ष रु ७१४२०.६० उठाएको देखिन्छ।पालिकाले वहाल कर सम्बन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

सवारी करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।पालिकाले सवारी कर बापत यस वर्ष शुन्य राजस्व उठाएको देखियो। सम्बन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख

राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

सम्पत्ति करः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकीकृत रूपमा हिसाव गरी एकीकृत सम्पत्ती वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष भुमि तथा मालपोत कर वापत रु ९५११५.५८ उठाएको देखिन्छ भने सम्पत्ती कर वापत रु. ३३५ मात्र उठाएको देखिन्छ । पालिकाले एकीकृत सम्पत्ती कर सम्बन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकीकृत सम्पत्ती कर प्राणली लागु गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकीकृत सम्पत्ति कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

मनोरन्जन करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थिएटर, मनोरञ्जन प्रदर्शन स्थल, क्यासिनो, ऐतिहासिक स्थलको शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाको मनोरञ्जन कर राजस्व असुली रकम शुन्य देखियो । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

६७ सामाजिक सुरक्षा कार्यक्रम

६७.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. २० करोड १९ लाख २१ हजार निकासा गरेकोमा रु. १९ करोड ११ लाख ७३ हजार रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रूपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीः कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

६७.२ **अभिलेख राख्नुपर्ने :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन । यसमा सुधार हुनु पर्दछ ।

विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रूपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

६७.३ लाभग्राहीः पालिकाबाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

सि.नं.	लाभग्राही वर्ग	भत्ता दर	२०८०।८१मा रहेका **लाभग्राहीको संख्या**	२०८१।८२मा रहेका **लाभग्राहीको संख्या**
१	ज्येष्ठ नागरिक ७० वर्ष माथि	४०००	२२८१	२२८१
२	ज्येष्ठ नागरिक दलित	२६६०	६३	७४
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०	१७३	१३७
४	विधवा (आर्थिक सहायता)	२६६०	४९१	५५५
५	पूर्ण अपाङ्ग	३९९०	२९३	३४७
६	अति अशक्त अपाङ्ग	२१२८	४५९	५१३
७	क्षेत्र तोकेको बालबालिका	५३२	५४७५	५०५८
८	दलित बालबालिका	५३२	१४७	११६

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीलाई रु. १८ करोड ८८ लाख 33 हजार खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. १९ करोड ११ लाख ७३ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. २३ लाख ४० हजार वढी खर्च भएको छ ।

६७.४ सामाजिक सुरक्षा कार्यक्रम संचालनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था भएकोमा बैंकले सो विवरण पेश गरेको पाइएन। विवरण पेश नभएकोले बैंकमा के कति रकम बाँकी रहेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।पालिकाले बैंकसँग विवरण लिई निष्क्रिय खातामा रहेको यथार्थ रकम संघीय संचित कोष फिर्ता हुनुपर्दछ ।

६७.५ एउटै आमाको तीन जनासम्मको सन्तानलाई सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा कार्यविधि, २०७७ बमोजिम एउटा आमाको २ जना सम्मको सन्तानलाई बालबालिका भत्ता पाउने व्यवस्था छ ।पालिकाले देहायको एउटै आमाको ३ जना सम्मको सन्तानलाई बालबालिका भत्ता वितरण गरेको छ । यसरी बढी सिफारिसभएकोलाई लगट कट्टा गर्दै कार्यविधि विपरित बढी भुक्तानी भएको रकम पञ्जीकरण शाखा प्रमुखले सम्बन्धितबाट असुल गरी सो को प्रमाण पेश गर्नुपर्ने रु.

वार्ड	बालबालिको नाम	आमाको नाम	बढी रकम
८	१ मदिहा खातुन् २ मोहमद सोफियन् ३ शेख नुर मोहमद	तरिरा खातुन्	६३८४
२	१ आशिश कु. महतो २ अनुश्का कुमारी महतो ३ अनामिकाअ कुमारी	रेखा देवी	६३८४
६	१ निहरिका कुमारी २ रिशव कुमार ३ रिचिका कुमारी	सकुन्तला कुमारी	६३८४
६	१ नुर्सिद अली २ षेख खुर्सिद अली ३ षेख मुर्सद अली	समिरा खातुन्	६३८४
६	१ डिल्शन मन्सुरी २ रोक्षणआ खातुन् ३ रोक्षर खातुन	रौसन टर	६३८४
२	१ मो. आयन् २ आशिय बेगम् ३ मोहम्मद आदिल ४ सबिर हुसेन मिया	सल्मा खातुन्	६३८४
५	१ उत्शव कुमार ठाकुर २ भाग्यश्री कुमारी ३ रतन कुमार ठाकुर	बिन्ती कुमारी	६३८४
७	अनब्य खातुन् २ अलिसबा खातुन् ३ षेख सदब हुसेन् ४ षेख रह्मत अली	मर्जिना खातुन्	६३८४
६	१ शेख रह्मत अली २ शेख उस्मान् ३ शेख सह्मत अली	रब्द खातुन्	६३८४
६	१ अदिबा खातुन् २ अदिबा खातुन् ३ मोहम्मद यासिर	अबिदा खातुन्	६३८४
	जम्मा		६३८४०

असुल गर्नुपर्ने	६३,८४०

६८ **खर्चका प्रमाण कागजात पेश नभएको**

६८.१ फाइल पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाको प्रशासकीय भवन निर्माणको लागि २०७८।९।९ गते साह निर्माण सेवा प्रा.लि. बीच रू. ५७२३०८३५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । नगरसभाको २०८१।३।१० को निर्णय अनुसार २०८२।३।१८ सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको चौथो रनिङ वील सम्मको कूल मूल्यांकन ४५३२३३०३।५१ भएकोमा रू. ४०७५६२३४।– भुक्तानी भएको देखिन्छ । भौ.नं. २३ २०८१।७।७ बाट चौथो रनिङ वीलको रू. १ करोड भुक्तानी भएकोमा लेखापरीक्षणमा ठेक्का फाईल पेश नभएकोले थप विश्लेषण गर्ने सक्ने अवस्था रहेन । ठेक्का फाइल पेश नभएकोले लागत अनुमान स्वीकृति, मूल्यांकन, पेश्की बाँकीको अवस्था, म्याद थप लगायतका सेस्ता कागजातको विश्लेषण गर्न नसकिएको यस वर्ष भुक्तानी भएको रू.

प्रमाण पेश नगरेको	१,००,००,०००

६८.२ उपभोक्ता समितिले गरेको कार्यमा विल भर्पाइ पेश नगरेकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । देहाय अनुसारको भुक्तानीमा उपभोक्ता समितिले बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पालिकामा पेश गरेको छैन । नियमको पालना हुनु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् ।

भौ.नं. मिति	शीर्षक	वपत	भुक्तानी पाउनेको नाम	रकम	कैफियत
७५-२०८१। ११।६	वडागत (उपमेयर समेत) योजना सञ्चालन (१ देखि ९) सदस्य समेत	सडकमा खाल्डोमा माटो पुर्ने कार्य	हुलाकी राजमार्ग देखि पश्चिम डमार चौकको विचमा टुटेको मूल सडकमा खाल्टो माटो पुर्ने कार्य उ.स.राजपुर	२००४८६९	उ.स.को वील, भर्पाई
९२-२०८१। ११।२२	वडागत (उपमेयर समेत) योजना सञ्चालन (१ देखि ९) सदस्य समेत	सडक पीसीसी ढलान	गोट गाउको मठ देखि पूर्व विश्वनाथको घर हुदै हुलाकी राजमार्गसम्म पि.सि.सि.ढलान उ.स.	५३९४१०	,,
९३-२०८१। ११।२२	,,	,,	शेख हफिजको घर देखि नन्दु साहको मिलसम्म पि.सि.सि.ढलान उ.स.राजपुर न.पा.२,रौतहट	४२६६६८	,,
९४-२०८१। ११।२२	,,	,,	गढवा टोल नागेन्द्र ठाकुरको घर देखि शंकर भगतको घर सम्म सडक स्तरोन्नति कार्य उ.स.राजपुर न.पा.२,	५६१८७६	,,
९५-२०८१। ११।२२	सार्वजनिक निर्माण सुधार भुक्तानी दिन बाँकी	कब्रस्थान निर्माण	कब्रस्थान निर्माण उ.स.	१७५४७९८	,,
१००-२०८१। ११।२३	नगर प्रमुख स्तरीय खेलकुद (जिम सामग्री सहित) कार्यक्रम तथा जग्गा खरिद	सडकमा खल्डो पुर्ने कार्य	हुलाकी राजमार्गदेखि पश्चिम डमार चौकको विचमा टुटेको मूल सडकमा खाल्टो माटो पुर्ने कार्य उ.स. राजपुर न.पा.३, रौतहट	२५८००००	,,

६८.३ प्रमाण काजगात पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ ।देहाय अनुसारको भुक्तानीमा

भौचरसाथ स्रेस्ता काजजात र खर्च पुष्ट्याई गर्ने कागजात पेश भएन । स्रेस्ता कागजातको अभावमा खर्चको वास्तविकता यकीन गर्न सकिएन । खर्च पुष्ट्याई गर्ने कागजात पेश हुनु पर्ने रू.

भौ.नं. मिति	शीर्षक	भुक्तानी पाउनेको नाम	रकम	कैफियत
६४-२०८१।११।४	गत विगत वर्षको योजना /कार्यक्रम / अन्य बाँकी रकम भुक्तानी	गढवा टोल नागेन्द्र ठाकुरको घर देखि शंकर भगतको घर सम्म सडक स्तरोन्नति कार्य उ.स.राजपुर न.पा.२,रौतहट	१४४०७५	
१८०-२०८२।३।१९	सार्वजनिक निर्माण तथा पुँजीगत मर्मत सुधार कार्यक्रम	राजपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड	४९७०००	भौचर मात्र छ
जम्मा			६४१०७५	

प्रमाण पेश नगरेको	६,४१,०७५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : राजपुर नगरपालिका, रौतहट , राजपुर नगरपालिका , रौतहट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बैजु ठाकुर	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनोज राज कर्ण	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७,२४७,१०५	१५,४०६,९७९	५४,६३७,१३७	०	८,४२२,५०१	१,३६९,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८७,०८२,७२२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८७,०८२,७२२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८००२३०.७२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०१९९४७२०	चालु खर्च	२६८६००७१७.१३
प्रदेश सरकारबाट अनुदान	२२८२३०००	पूँजीगत खर्च	२५९४५४३२०
राजश्व बाँडफाँट	१०३७२८६५८.५१	वित्तीय/अन्य व्यवस्था	२२९९५७३९.८७
आन्तरिक आय	४१२५६६३.८		
अन्य आय	२७९२३५६५.३७		
कुल आय	५६०५९५६०७.६८	कुल खर्च	५५१०५०७७७.००
बाँकी मौज्दात		१४३४५०६१.४	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।